International Water
Management Institute

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) उत्तरदायी जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली (WEFE) बीचको अन्तरसम्बन्ध सम्बन्धि अवधारणा

## स्थानीय तहको योजना तर्जुमाकोलागि सहयोगी पुस्तिका

Bharat Kumar Pokharel, Sanju Koirala, Meeta Sainju Pradhan, Nisha Onta,
Manohara Khadka and Santosh Nepal



Supported by

TROSA
TRANS-BOUNDARY
RIVERS OF SOUTH ASIA

Sweden
Sverige

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) उत्तरदायी जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली (WEFE) बीचको अन्तरसम्बन्ध सम्बन्धि अवधारणा

## स्थानीय तहको योजना तर्जुमाकोलागि सहयोगी पुस्तिका


Bharat Kumar Pokharel, Sanju Koirala, Meeta Sainju Pradhan,
Nisha Onta, Manohara Khadka and Santosh Nepal



**International Water Management Institute (IWMI)**

## लेखकहरू

**Bharat Kumar Pokharel,** Independent Researcher, Kathmandu, Nepal
**Sanju Koirala,** International Water Management Institute, Lalitpur, Nepal
**Meeta Sainju Pradhan,** Southasia Institute of Advanced Studies, Kathmandu, Nepal
**Nisha Onta,** Governance Lab, Lalitpur, Nepal
**Manohara Khadka,** International Water Management Institute, Lalitpur, Nepal
**Santosh Nepal,** International Water Management Institute, Lalitpur, Nepal

## Citation गर्न को लागि

Pokharel, Bharat Kumar, Sanju Koirala, Meeta Sainju Pradhan, Nisha Onta, Manohara Khadka, and Santosh Nepal. 2026. *Gender Responsive Water-Energy-Food-Environment Nexus Approach for Local Level Planning in Nepal: A Manual* [in Nepali]. International Water Management Institute (IWMI). https://doi.org/10.5337/2026.207.

**ISBN**

978-92-9090-989-7

Originally published as *Gender Responsive Water-Energy-Food-Environment Nexus Approach for Local Level Planning in Nepal: A Manual* © International Water Management Institute (IWMI), 2025. https://doi.org/10.5337/2026.200

**स्विकारयोक्ति**

यस प्रकाशनको peer review गरीएको छैन । सम्पादन, प्रूफ-रीडिङ, लेआउट, व्यक्त विचार तथा सम्भावित त्रुटिहरूको जिम्मेवारी लेखकहरूमा निहित छ । यसमा व्यक्त विचार तथा सम्भावित त्रुटिहरूकोलागि संलग्न संस्थाहरू जिम्मेवार रहने छैनन् ।

**आवरण पृष्ठको फोटो सौजन्य:** सञ्जु कोइराला

**प्रतिलिपि अधिकार**

© 2026 International Water Management Institute. Some rights reserved. This work is licensed under a Creative Commons Attribution 4.0 International License (CC BY 4.0).

Please send inquiries and comments to IWMI-Publications@cgiar.org
For access to all IWMI publications, visit www.iwmi.org/publications

# कृतज्ञता

यो प्रकाशन Oxfam / Swedish International Development Cooperation Agency (SIDA) को सहयोगमा सञ्चालित Transboundary Rivers of South Asia (TROSA) परियोजना (TROSA) तथा CGIAR Program on Policy Innovations अन्तर्गत तयार गरीएको हो । यो पुस्तिका तयार गर्न TROSA तथा CGIAR ट्रस्ट फण्ड (www.cgiar.org/funders) मार्फत सहयोग गर्ने सम्पूर्ण दातृ निकायहरूप्रति हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ ।

## Project

Transboundary Rivers of South Asia (TROSA) Phase-2: Rivers, Rights, and Resilience (T2:3R) is a four-year (2023–2026) regional program led by Oxfam Novib, funded by the Swedish government. The project aims to improve water governance and strengthen climate resilience for riparian community members in the Ganges-Brahmaputra-Meghna (GBM) basins across India, Bangladesh, Nepal, and Bhutan. The project focuses on inclusive, climate-resilient livelihoods, ecosystem protection, and transboundary cooperation.

## Collaborators

International Water Management Institute (IWMI)

CGIAR Policy Innovations Program

## Donor

Supported by

Government of Sweden

# विषय-सुची


| | |
|---|---|
| **संक्षिप्त शब्दावली (Acronyms)** | **vii** |
| **सारांश** | **viii** |
| **पुस्तिकाको रूपरेखा** | **ix** |
| **भाग एकः WEFE नेक्ससको अवधारणाका प्रमुख तत्वहरू** | |
| **१. परिचय** | **१** |
| १.१ WEFE नेक्ससको अवधारणा | १ |
| १.२ GESI उत्तरदायी WEFE नेक्सस अवधारणा किन आवश्यक छ? | १ |
| १.३ नेपालका लागि WEFE नेक्ससको कार्वान्वयन किन महत्वपूर्ण छ? | १ |
| १.४ नेपालमा विद्यमान WEFE नेक्ससको शासकीय स्वरूप कस्तो छ? | २ |
| **भाग दुईः WEFE नेक्सस अवधारणाको ब्यबहारिक प्रयोग** | **३** |
| २.१ १२ 'ज' को अवधारणा | ३ |
| २.२ १७ सूत्रको अवधारणा | ३ |
| **सूत्र एकः** एक दर्जन श्रोतहरू | ३ |
| **सूत्र दुईः** WEFE नेक्ससबाट हुने समन्वयात्मक/ सहक्रियात्मक लाभ (synergy) र लाभ-हानि सन्तुलन सम्झौता (trade–offs) आकलन र मापन | ४ |
| **सूत्र तीनः** पहिचान, प्रतिनिधित्व र लाभांशको न्यायोचित बितरण | ५ |
| **सूत्र चारः** नियत, नियम, संस्कार र व्यवहार | ५ |
| **सूत्र पाँचः** लैङ्गिक समानता र महिला तथा बालिकाको सशक्तीकरण | ६ |
| **सूत्र छः** बहुआयामिक दृष्टिकोणबाट समस्याहरूको समाधान | ७ |
| **सूत्र सातः** स्वच्छ पानी र वैकल्पिक ऊर्जाको बिस्तार | ७ |
| **सूत्र आठः** गैर-नेक्सस प्रवृत्तिहरूबाट जोगिने | ८ |
| **सूत्र नौः** प्राकृतिक श्रोतहरूमाथि नागरीकका अधिकारहरू | ८ |
| **सूत्र दसः** जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र WEFE नेक्सस | ९ |
| **सूत्र एघारः** सरोकारवालाहरूका बीच सहकार्य | ११ |
| **सूत्र बाह्रः** Log frame/ WEFE नेक्सस योजना तर्जुमाका लागि फलदायी तार्किक खाका | ११ |
| **सूत्र तेह्रः** वञ्चित तथा सीमान्तकृत समूहहरूलाई प्राथमिकता | १३ |
| **सूत्र चौधः** WEFE नेक्सस शासकीय पद्धतिका विशिष्ट पक्षहरू | १४ |
| **सूत्र पन्द्रः** स्थलचर र जलचरका जीवन कल्याण हुने क्रियाकलापहरू | १५ |
| **सूत्र सोह्रः** शान्ति, न्याय र सबल संस्थाहरूको क्षमता विकास | १६ |
| **सूत्र सत्रः** सहकार्य, साझेदारी, अनुगमन, मूल्याङ्कन, जवाफदेहिता, सिकाइ (MEAL) तथा प्रतिवेदनको व्यवस्था" | १६ |
| **निष्कर्ष** | **१८** |
| **भाग तीनः अनुसूचीहरू** | **१८** |
| अनुसूची एकः WEFE नेक्ससको शासकीय स्वरूप र यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने प्रमुख पक्षहरू | १९ |
| अनुसूची दुईः WEFE नेक्ससमा GESI मुलप्रवाहीकरण | २२ |
| अनुसूची तीनः WEFE नेक्ससको तर्कसंगत खाका (log frame) | **२३** |
| **References** | **२४** |
| **AI को प्रयोग बारे स्वीकारयोक्ति (Disclaimer)** | **२६** |

# तालिकाहरू

**तालिका १:** GESI उत्तरदायी WEFE नेक्सस मुलप्रवाहीकरणका लागि १७ सूत्रहरू
**तालिका २:** WEFE क्षेत्रमा नीति र कानूनहरूको कार्यान्वयन गर्ने ढाँचा
**तालिका ३:** WEFE नेक्सस अवधारणा लागु गर्न तयार पारिने तार्किक खाका (Logframe) बनाउने तरिकाको एक उदाहरण
**तालिका ४:** WEFE नेक्ससमा GESI उत्तरदायी पक्षहरू
**तालिका ५:** तर्क संगत खाका/रूपरेखा (Logical Framework Matrix)

# बक्सहरू

**बक्स १:** दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals)
**बक्स २:** नेपालका सीमान्तकृत तथा वञ्चित लक्षित समूहहरू
**बक्स ३:** WEFE नेक्ससको शासकीय स्वरूप र कार्यान्वयनमा ध्यान दिनु पर्ने प्रमुख पक्षहरू

# चित्रहरू

**चित्र १.** १२ ज - जल (Water), जङ्गल (Forests), जमिन (Land), जैविक ऊर्जा (Bio–energy), जलाधार (Watersheds), जैविक मल (Organic Fertilizers), जैविक विविधता (Biodiversity), जडीबुटी (Medicinal Plants), जलवायु परिवर्तन (Climate Change), जनावर (Animals), लैङ्गिक तथा सामाजिक न्याय (Gender and Social Justice)
**चित्र २:** जलवायु परिवर्तन नीति २०१९ मा उल्लिखित दस प्रमुख बिषयगत क्षेत्रहरू

# संक्षिप्त शब्दावली (Acronyms)

| संक्षिप्त | शब्द विवरण |
|---|---|
| AQAL | सबै तर्फ, सबै तह (Wilber को एकीकृत सिद्धान्तनुसार) |
| CBO(s) | समुदायमा आधारित संस्था(हरू) |
| COP | मन मिल्ने र सहअभ्यास गर्ने बौद्धिक समुदाय |
| DRR/M | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |
| EWFN | ऊर्जा-जलश्रोत-खाद्य नेक्सस |
| FAO | खाद्य तथा कृषि संगठन (संयुक्त राष्ट्रसंघ) |
| FEW | खाद्य-जलश्रोत-ऊर्जा |
| GESI | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| GoN | नेपाल सरकार |
| IISD | अन्तर्राष्ट्रिय दिगो विकास संस्था |
| INGO(s) | अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था(हरू) |
| IWMI | अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था |
| LGBTIQ+ | लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्सजेन्डर, इन्टरसेक्स, क्वियर (र अन्य) |
| MEAL | अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ |
| MSF(s) | बहु-सरोकारवाला मञ्च(हरू) |
| NAP | राष्ट्रिय अनुकूलन योजना |
| NGO(s) | गैर-सरकारी संस्था(हरू) |
| NTFPs | काठबाहेकका वन उत्पादनहरू |
| PPCP | सार्वजनिक-निजी-समुदाय साझेदारी |
| SDG(s) | दिगो विकास लक्ष्य(हरू) |
| WEFE | जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली |

# सारांश


यो पुस्तिका सुदूरपश्चिम प्रदेसको रंगुन जलाधार क्षेत्रका स्थानीय सरकारहरूबाट जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली (WEFE) नेक्सस बिचको अन्तरसम्बन्ध सम्बन्धी अवधारणाको आवश्यकतालाई मध्यनजर गर्दै यो पुस्तिका तयार पारिएको हो । यसले स्थानीय जलाधार तहको योजना तर्जुमा प्रक्रियामा WEFE नेक्ससको अवधारणा लागू गर्न आवश्यक व्यवहारिक रूपरेखा दिने आशा गरीएको छ ।

यस पुस्तिकाको उद्धेश्य जल, जंगल, जमिन, उर्जा जस्ता प्राकृतिक श्रोतहरूको एकीकृत विकास गर्न GESI उत्तरदायी WEFE को अवधारणालाई स्थानीय सरकारहरूको नीति निर्माण, योजना तर्जुमा र बजेट बाँडफाँटको प्रक्रियामा मुलप्रवाहीकरण गरी सहयोग पुऱ्याउनु हो ।

यो पुस्तिका विशेष रूपमा नेपालका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरू विशेषतः WEFE संग सम्बन्धित क्षेत्रहरूमा संलग्न व्यक्ति तथा संस्थाहरूलाई लक्षित गरी तयार पारिएको हो । यसले स्थानीय योजना तर्जुमा, नीति तथा कार्यक्रम निर्माण, बजेट विनियोजन र त्यसको व्यवहारिक र प्रभावकारी कार्यान्वयनकालागि सन्दर्भ सामग्रीको रूपमा काम गर्दछ भन्ने अपेक्षा राखिएको छ । यसको अलावा, WEFE क्षेत्रमा कार्यरत गैर-सरकारी संस्था (NGO), अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था (INGO) तथा शैक्षिक र अनुसन्धान क्षेत्रका व्यक्ति र संस्थाहरूकालागि पनि यो एक महत्वपूर्ण श्रोत सामग्री हुन सक्दछ। प्राकृतिक श्रोतहरूको एकीकृत विकास प्रशिक्षण कार्यक्रमको डिजाइन तथा सञ्चालनका लागि समेत यसले आधारभूत खाका प्रदान गर्ने छ ।

यस सामग्रीको विकास रंगुन जलाधार क्षेत्रमा सञ्चालन गरीएको GESI उत्तरदायी WEFE नेक्सस प्रशिक्षण तथा अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्थाको (IWMI) नेतृत्वमा आयोजित WEFE नेतृत्व कार्यशालाका क्रममा विकसित र परीक्षण गरीएका सामग्रीमा आधारित छ ।

# पुस्तिकाको रूपरेखा

यो पुस्तिका तीन भागमा विभाजन गरीएको छ, जसले पाठकलाई WEFE नेक्सस अवधारणालाई बुझ्न, बिश्लेषण गर्न र व्यवहारमा लागू गर्न मार्गनिर्देश गर्दछ ।

पहिलो खण्डमा जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली (WEFE) नेक्ससका प्रमुख तत्वहरू, यस्का अवधारणा र सिद्धान्तहरूको परिचय प्रस्तुत गरीएको छ । नेक्ससका प्रमुख तत्वहरूलाई बुझ्न सजिलो होस् भन्नका लागि जलश्रोत-ऊर्जा-खाद्य-पारिस्थितिकीय प्रणाली लाई "१२ वटा ज" को रूपमा र यस्का अवधारणा र सिद्धान्तहरूलाई "१७ वटा सूत्रको" नेपालीकृत अवधारणाको रूपमा प्रस्तुत गरीएको छ । यसमा १२ वटा "ज" बिचको अन्तर सम्बन्ध कसरी दिगो विकास लक्ष्य (SDGs) सँग गासिएका छन् भन्ने बिषयमा पनि व्याख्या गरीएको छ । यस खण्डमा GESI उत्तरदायी WEFE नेक्ससको एकीकृत विकास सुनिश्चित गर्न सरोकारवालाहरूले अवलम्बन गर्नुपर्ने कार्यहरू पनि उल्लेख गरीएको छ (तालिका १ हेर्नुहोस) । यसमा विषेसगरी दिगो विकासका लागि एकीकृत श्रोत व्यवस्थापनको महत्व तथा GESI उत्तरदायी WEFE नेक्सस अवधारणा अपनाउँदा प्राप्त हुने प्रमुख लाभहरू पनि सामाबेश गरीएका छन् ।

दोस्रो खण्डमा WEFE नेक्सस अवधारणाको ब्यबहारिक प्रयोगको लागि स्थानीय सरकार, खासगरी गाउँ वा नगरपालिकाका कर्मचारी तथा अभ्यासकर्ताहरूलाई योजना तर्जुमा, बजेट बिनियोजन तथा नीति निर्माण प्रक्रियामा WEFE सिद्धान्तहरू लागू गर्ने व्यवहारिक बिधिहरूको बर्णन गरीएको छ । यो खण्डबाट पाठकहरूले निम्न विषयमा गहिरो बुझाइ विकास गर्नेछन्ः

- १७ सूत्रहरू के के हुन् - स्थानीय तथा जलाधार तहमा WEFE नेक्सस कार्यान्वयनका लागि ध्यान दिनु पर्ने मुख्य तत्वहरू ।
- सहकार्यबाट एक आपसलाई हुने लाभ, हानि, WEFE श्रोत माथिको अधिकार, सुशासन तथा सरोकारवालाबीच समन्वय सम्बन्धी बिषयहरू ।
- रंगुन जलाधार क्षेत्रका उदाहरणहरू तथा IWMI नेतृत्वमा सञ्चालित प्रशिक्षणबाट प्राप्त अनुभवहरू ।
- योजना तर्जुमा तथा कार्यान्वयनका सम्पूर्ण चरणहरूमा GESI सिद्धान्तहरूको मुलप्रवाहिकरण ।

खण्ड तिनमा WEFE नेक्ससको कार्यान्वयन, अनुगमन र सिकाइ प्रक्रियालाई सहयोग पुर्‍याउने व्यवहारिक तरिका र ढाँचाहरू समावेश छन् । अनुसूचीको यो खण्डबाट पाठकहरूले निम्न विषयमा गहिरो बुझाइ विकास गर्नेछन् ।

- WEFE नेक्ससको शासकीय स्वरूप र यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने प्रमुख पक्षहरू
- WEFE नेक्ससमा GESI मुलप्रवाहीकरण
- WEFE नेक्ससको तर्कसंगत खाका (logframe)

तालिका १: GESI उत्तरदायी WEFE नेक्सस मुलप्रवाहीकरणका लागि १७ सूत्रहरू

| सूत्र | नाम | बिषयहरू |
|---|---|---|
| १ | एक दर्जन श्रोतहरू | प्राकृतिक तथा मानव श्रोतहरूको अन्तरसम्बन्ध देखाउन WEFE श्रोतलाई १२ ज मा बाडेर ति श्रोतहरुको भूमिकालाई १७ सूत्रहरूमा समेटी WEFE नेक्सस ब्यबहारमा लागु गर्ने । |
| २ | WEFE नेक्ससबाट हुनेसमन्वयात्मक/ सहक्रियात्मक लाभ (synergy) र लाभ-हानि सन्तुलन सम्झौता (trade–offs) आकलन र मापन | एउटा क्षेत्रमा गतिविधि गर्दा अर्को क्षेत्रमा पर्ने लाभ र हानिको मूल्याङ्कन गर्ने । आपसी लाभ बढाउन र हानि घटाउन समन्वय, सहकार्य र सम्झौता गर्ने । |
| ३ | पहिचानको मान्यता, प्रतिनिधित्वको सुनिश्चितता र लाभांशको न्यायोचित बितरण | WEFE श्रोतहरूमा समानता र समावेशिता सुनिश्चित गर्न 'तीन R' (Recognition, Representation, Redistribution) को सिद्धान्त प्रयोग गर्ने । |
| ४ | नियत, नियम, संस्कार र व्यवहारको सुक्ष्म बिश्लेषण | दिगो श्रोत सुशासनका लागि "सबै तर्फ, सबै तह" (All Quadrants, All Levels) म्याट्रिक्स प्रयोग गरी विश्लेषण गर्ने । |
| ५ | SDG ५ - लैङ्गिक समानता तथा महिला सशक्तीकरण | १२ ज को परस्पर सम्बन्ध व्यवस्थापनमा SDG ५ लाई केन्द्रीय सिद्धान्तका रूपमा अवलम्बन गर्ने । १२ ज मा GESI मुलप्रवाहीकरण गर्ने । |
| ६ | WEFE संग सम्बन्धित समस्याहरूको समाधानका लागि एकीकृत प्रयास | प्रविधि केन्द्रित, प्रकृति केन्द्रित, सुशासन केन्द्रित, माग केन्द्रित, बजार केन्द्रित र लैङ्गिक समानता र सामाजिक न्याय केन्द्रित छ वटै समाधानहरू एकीकृत रूपमा लागू गर्ने । |
| ७ | स्वच्छ जलश्रोत (SDG ६) र वैकल्पिक ऊर्जा (SDG ७) को बिस्तार | स्थानीय तहमा सुलभ, स्वच्छ जलश्रोत तथा नवीकरणीय ऊर्जा पहुँच विस्तारलाई प्राथमिकता दिने । |
| ८ | गैर-नेक्सस प्रवृत्ति त्याग्ने | एकलकाटे क्षेत्रगत आठ प्रवृत्तिहरू पहिचान गरी त्यसलाई त्याग्ने; योजना र कार्यान्वयनमा एकीकरण र सहकार्यको संस्कृति विकास गर्ने । |
| ९ | प्राकृतिक श्रोतहरूमाथि नागरीकका अधिकार र कर्तव्यहरू स्पष्ट पार्ने | WEFE प्रणालीको समावेशी, न्यायोचित र जवाफदेही सुशासनकालागि स्थानीय समुदाय, आदिवासी जनजाति र आम नागरीकका कम्तिमा नौ अधिकार तथा कर्तव्यहरू स्पष्ट पार्ने र त्यसको संरक्षण गर्ने । |
| १० | जलवायु न्यूनीकरण र अनुकूलन नीतिका दश क्षेत्रहरू | दिगो विकासका लागि WEFE योजनामा जलवायु न्यूनीकरण तथा अनुकूलनलाई एकीकृत गर्न क्षेत्रगत समन्वयलाई सुदृढ गर्ने । |
| ११ | बहु-सरोकारवाला मञ्चमा एघार प्रकारका संघ संस्थाहरू | WEFE श्रोतहरूको सहकार्य, साझा जवाफदेहिता तथा समावेशी सुशासन सुनिश्चित गर्न बहु-सरोकारवाला मञ्चमार्फत एघार प्रकारका सरोकारवालाहरूको पहिचान र संलग्नता सुनिश्चित गर्ने । |
| १२ | स्थानीय तहको एकीकृत योजना तर्जुमा प्रक्रियामा WEFE नेक्ससको मुलप्रवाहीकरण गर्न लग फ्रेमका १२ पक्षहरू | सन्दर्भ विश्लेषण, योजना छनोट देखि अनुगमन र मूल्याङ्कनसम्मको स्थानीय योजना तर्जुमा र बजेट निर्माण प्रक्रियामा WEFE नेक्ससलाई मुख्यधारामा ल्याउन लग फ्रेमका १२ पक्षहरूलाई सम्झने । |
| १३ | आर्थिक तथा सामाजिक रूपले सीमान्तकृत तेह्र समूहहरूको सशक्तिकरण | संघीय, प्रदेश र स्थानीय तहमा रहेका संस्थाहरू बिच समन्वय गरी WEFE नेक्सस कार्यक्रम मा आर्थिक तथा सामाजिकरूपले सीमान्तकृत तेह्र समूहहरूको सशक्तिकरण गर्ने । |
| १४ | WEFE नेक्ससको सुशासनका लागि आवश्यक १४ पक्षहरू | WEFE नेक्ससको सुशासनका लागि कानूनी ढाँचा, संस्थागत संयन्त्र, सहभागितामूलक प्रक्रिया र वित्तीय प्रणाली सहित १४ सुशासनका पक्षहरू सुदृढ गर्ने । |
| १५ | वाताबरण प्रवर्द्धन, WEFE श्रोतहरूको व्यवस्थापन र SDG मा योगदान | WEFE श्रोतहरूको व्यवस्थापनबाट SDG लक्ष्यहरूमा योगदान पुर्याउने, खास गरी SDG २ (खाद्य सुरक्षा); SDG ६ (स्वच्छ जलश्रोत); SDG ७ (सुलभ तथा स्वच्छ ऊर्जा प्रवर्द्धन), SDG १३ (जलवायु कार्य); SDG १४ (जलचरको जीवन संरक्षण); SDG १५ (स्थलचरको जीवन संरक्षण) लाई मूल मन्त्रका रूपमा अवलम्बन गर्ने । |
| १६ | WEFE नेक्सस सुशासनका लागि संस्थाहरूको क्षमता विकास | WEFE नेक्ससको प्रभावकारी कार्यन्वयनको लागि शान्ति, न्याय र सबल संस्थाहरूको क्षमताको विकास गर्दै सुशासन, जवाफदेहिता र सामाजिक सद्भाव निर्माणका लागि SDG १६ लाई आधारका रूपमा ग्रहण गर्ने । |
| १७ | १७ वटा दिगो विकास लक्ष्यहरूमा WEFE नेक्ससको योगदान | सबै १७ वटा SDG लक्ष्यहरू हासिल गर्न साझेदारी प्रणाली सुदृढ गर्दै सबै SDG लक्ष्यहरूमा WEFE नेक्ससले पुर्याएको योगदानको समिक्षा गर्ने । |

# भाग एकः WEFE नेक्ससको अवधारणाका प्रमुख तत्वहरू

## १. परिचय

### १.१ WEFE नेक्ससको अवधारणा

"नेक्सस" शब्द ल्याटिन शब्द nectare बाट आएको हो, जसको अर्थ अन्तरसम्बन्ध वा जोड (linkage) हो । सन् २०११ मा World Economic Forum मा यस अवधारणाको औपचारिक प्रस्तुति भएपछि WEFE नेक्ससले विश्वव्यापी ध्यान आकर्षित गरेको हो । त्यसपछिका वर्षहरूमा Hoff (२०११), Howells et al. (२०१३), Ringler et al. (२०१३), De Laurentiis et al. (२०१६), Simpson and Jewitt (२०१९) लगायतका विद्वानहरूले यसको सैद्धान्तिक आधार र व्यवहारिक प्रयोगबारे विस्तृत अध्ययन गरेका छन् ।

WEFE नेक्ससको अवधारणाले जलश्रोत, ऊर्जा, खाद्य, र पारिस्थितिकीय प्रणालीलाई समग्र (holistic) रूपमा व्यवस्थापन गर्ने आधार प्रस्तुत गर्दछ । यसले श्रोतहरूबीचको अन्तरसम्बन्धलाई केन्द्रमा राख्दै आपसी लाभलाई बढाउने र हानि लाई न्यून गर्ने तथा सुशासन सुदृढ गर्ने लक्ष्य राख्दछ ।

यो अवाधरणाले प्राकृतिक श्रोतहरूको आपसी अन्तरसम्बन्धलाई मजबुत बनाउदै सीमान्तकृत समुदायका लागि श्रोतको दिगो सुरक्षा सुनिश्चित गर्न जोड दिन्छ । WEFE नेक्ससले मानव कल्याण र वातावरणीय दिगोपन प्रवर्द्धन गर्न आवश्यक श्रोतहरूको व्यवस्थापनमा समग्र र एकीकृत सोच अपनाउन मद्दत गर्दछ (Simpson et al., २०२३) । यसले श्रोतको व्यवस्थापन र उपयोगको प्रभावकारिता बढाउने, र विभिन्न श्रोत ब्यबस्थापकहरू बीच सहकार्य सुदृढ गर्न WEFE क्षेत्रहरूको सुशासन, दिगो सुरक्षा र संस्थाहरूको कार्य क्षमता सुधार गर्ने लक्ष्य राख्दछ । साथै, यो अवाधरणाले केवल प्राकृतिक श्रोत-केन्द्रित सोचबाट प्रणाली-केन्द्रित (system perspective) सोच तर्फ रूपान्तरण गर्न जोड दिन्छ, जसले समग्र जलस्रोत लगायत, प्राकृतिक श्रोतहरूको सुरक्षा र वातावरणीय संरक्षणलाई प्राथमिकता दिन्छ (Pokharel et al., २०२४) ।

नेक्सस सोच भनेको आपसमा अन्तरसम्बन्धित प्राकृतिक श्रोतहरूको व्यवस्थापनका लागि जनता-केन्द्रित समाधान विकास गर्ने तरिका हो । यसले स्थानीयदेखि विश्व तहसम्म, तथा समय र स्थानका विभिन्न आयामहरूमा, विविध सरोकारवालाहरूका आवश्यकताहरू सम्बोधन गर्न सहयोग गर्दछ (FAO, २०१४) ।

### १.२ GESI उत्तरदायी WEFE नेक्सस अवधारणा किन आवश्यक छ?

परम्परागत रूपमा WEFE नेक्सस अवधारणा श्रोत व्यवस्थापन र उपयोगको प्रभावकारितामा केन्द्रित रही आएको छ । तर यसको कार्यन्वयनको प्रक्रियामा श्रोतको पहुँच, उपयोग र व्यवस्थापनलाई प्रभाव पार्ने सामाजिक, आर्थिक र राजनीतिक पक्षहरूलाई प्रायः कम महत्व दिईएको पाइन्छ । यी आयामहरूलाई नजरअन्दाज गर्दा समाज भित्र विद्यमान शक्ति-सन्तुलन (power dynamics) को हिसाबले WEFE श्रोतहरूबाट कसले बढि वा घटी लाभ लिन्छ र श्रोत माथि कसले नियन्त्रण गरेको छ भन्ने कुरालाई ध्यान दीइएन भने त्यसको परिणाम श्रोतहरूको पहुच र वितरण असमान र अन्यायपूर्ण बन्न सक्छ । तसर्थ GESI उत्तरदायी WEFE नेक्सस दृष्टिकोणले श्रोत व्यवस्थापनमा सामाजिक न्याय र समावेशिताको कुरा लाई केन्द्रमा राख्दछ । यो अवधारणाले WEFE श्रोतको व्यवस्थापनमा GESI सोचको मुलप्रवाहीकरण गर्दै महिला, दलित तथा अन्य सीमान्तकृत समुदायहरूलाई केवल लाभग्राहीका रूपमा मात्र होइन, श्रोत व्यवस्थापनमा उनीहरूको सक्रिय सहभागीतामा जोड दिन्छ । महिला र सीमान्तकृत समुदायहरूको ज्ञान, क्षमता र योगदानलाई सम्मान गर्दछ । निर्णय प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता समेत सुनिश्चित गर्दछ र संरचनागत असमानताहरू सच्याउन प्रेरित गर्दछ । अन्ततः GESI उत्तरदायी WEFE नेक्ससले न्यायोचित, समावेशी र दिगो श्रोत व्यवस्थापन प्रवर्द्धन गर्दै सामाजिक न्याय, गरीबी न्यूनीकरण तथा वातावरणीय दिगोपनमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।

### १.३ नेपालका लागि WEFE नेक्ससको कार्वान्वयन किन महत्वपूर्ण छ?

जल, ऊर्जा, कृषि भूमि र वन श्रोतहरू पर्याप्त मात्रामा भएर पनि नेपालमा गरीबी र असमानता अझै पनि प्रमुख चुनौतीका रूपमा विद्यमान छन् । लाखौं नागरीकहरू अझै पनि स्वच्छ खानेपानी, पोषिलो खाद्य तथा भरपर्दो ऊर्जाको पहुँचबाट वञ्चित छन् । जलवायु परिवर्तनले यी श्रोतहरूको दिगो विकास र सुरक्षामा निरन्तर जोखिम थपिरहेको छ (Buchy et al., २०२२) । नेपालले दिगो विकास लक्ष्यहरू-विशेषतः SDGs २ (खाद्य सुरक्षा), SDG ५ - लैङ्गिक समानता तथा महिला सशक्तीकरण, SDG ६ (स्वच्छ पानी), SDG ७ (ऊर्जा पहुँच), SDG ८ (आर्थिक वृद्धि), SDG १२ (जिम्मेवार उत्पादन तथा उपभोग), SDG १३ (जलवायु कार्य); SDG १४ (जलचरहरूको जीवन संरक्षण); SDG १५ (स्थलचरहरूको जीवन संरक्षण) प्रति व्यक्त गरेका प्रतिबद्धताहरू WEFE नेक्सस अवधारणासँग मिल्छन (Pokhrel et al., २०२४) । WEFE नेक्सस अवधारणाले जलश्रोत, ऊर्जा, खाद्य र पारिस्थितिकीय प्रणाली बीचको आपसी निर्भरताको रक्षा गर्दै दिगो श्रोत व्यवस्थापनका लागि समग्र ढाँचा प्रदान गर्दछ । यसले श्रोतहरूको प्रभावकारी व्यवस्थापन र उपयोग सम्भव बनाउँछ । जलवायु उत्थनशीलता (climate resilience) अभिवृद्धि गर्दछ । जलवायु कार्यसम्बन्धी लक्ष्यहरूसँग सामञ्जस्य कायम गर्न समेत सहयोग पुऱ्याउँछ (Jalonen et al., २०२२) । SDG का लक्ष्यहरू (बक्स १ मा हेर्नुहोस) ।

यसका अतिरिक्त यस अवधारणाले सरकार, निजी क्षेत्र र स्थानीय समुदाय बीचको सहकार्य सुदृढ गर्दै गरीबी न्यूनीकरण, श्रोतमा समान पहुँच र निर्णय प्रक्रियामा समान सहभागिता प्रवर्द्धन गर्दछ । साथै, WEFE श्रोत व्यवस्थापनमा आवाज विहीन सिमान्तकृत समूहहरूको सशक्तीकरणमा योगदान पुऱ्याउँछ ।

यो अवधारणा अवलम्बन गरेर नेपालले आनो प्राकृतिक श्रोतहरूको अधिकतम उपयोग गर्दै WEFE श्रोतहरुको दीर्घकालीन दिगोपनको सुनिश्चिता गर्न सक्छ (Pokharel et al., २०२४) ।

**बक्स १:** दिगो विकास लक्ष्यहरू (Sustainable Development Goals)

१. गरीबीको अन्त्य गर्ने
२. भोकमरीको अन्त्य गर्ने
३. सबैका लागि स्वस्थ जीवन र कल्याण सुनिश्चित गर्ने
४. गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने
५. लैङ्गिक समानता हासिल गर्ने
६. स्वच्छ पानी तथा सरसफाइमा पहुँच सुनिश्चित गर्ने
७. सुलभ तथा स्वच्छ ऊर्जा प्रवर्द्धन गर्ने
८. मर्यादित रोजगारी तथा आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्ने
९. उद्योग, नवप्रवर्तन तथा पूर्वाधार विकास सुदृढ गर्ने
१०. असमानता न्यूनीकरण गर्ने
११. दिगो शहर तथा समुदायहरूको विकास गर्ने
१२. जिम्मेवार उपभोग तथा उत्पादन प्रवर्द्धन गर्ने
१३. जलवायु उत्थानशील कार्यलाई सुदृढ गर्ने
१४. जलचरको जीवन संरक्षण तथा दिगो उपयोग प्रवर्द्धन गर्ने
१५. स्थलचरको जीवन संरक्षण तथा प्रवर्द्धन गर्ने
१६. शान्ति, न्याय तथा सुदृढ संस्थाहरू सुनिश्चित गर्ने
१७. लक्ष्यहरू हासिल गर्न साझेदारी र सहकार्य प्रणाली सुदृढ गर्ने

## १.४ नेपालमा विद्यमान WEFE नेक्ससको शासकीय स्वरूप कस्तो छ?

नेपालका विभिन्न सेक्टरका नीतिहरूले एकीकृत दृष्टिकोणको आवश्यकता स्वीकार गरेका छन् । तर व्यवहारिक कार्यान्वयन भने अझै कमजोर छ । WEFE नेक्सससँग सम्बन्धित संस्थाहरूको शासकीय स्वरूप खण्डित (fragmented) छ, जहाँ विभिन्न क्षेत्रगत नीतिहरू र संस्थाहरू छुट्टाछुट्टै एकलकाटे रूपमा (silos मा) काम गर्दछन । यसले गर्दा कार्यमा दोहोरोपन र कम प्रभाबकारिता र श्रोतमाथिको द्वन्द् निम्त्याउने गरेको छ (Khadka et al., २०२३) । जलश्रोत, ऊर्जा, कृषि तथा वातावरण संरक्षण सम्बन्धी कार्य विभिन्न मन्त्रालय र निकायहरूले हेर्ने भए पनि तिनीहरू बीच प्रभावकारी समन्वय र एकीकृत योजना अभाव देखिन्छ (Buchy et al., २०२२) । सन् २०१५ मा संघीय संरचना लागू भएपछि त झन् संघीय, प्रदेश र स्थानीय तहबीच पनि अधिकार र जिम्मेवारीको दोहोरोपनले WEFE व्यवस्थापनलाई थप जटिल बनाएको छ । यद्यपि, बहु-सरोकारवाला मञ्चहरूको स्थापना तथा कुनै एउटा सेक्टर मात्र भन्दा पनि नदी बेसिनको समुच्च व्यवस्थापन गर्ने पछिल्ला प्रयासहरूले क्रमशः केहि परिवर्तन भएको संकेत गरेका छन् ।

नेपालमा दिगो तथा जलवायु उत्तरदायी WEFE नेक्ससको शासकीय स्वरूप सुनिश्चित गर्न संस्था संस्था बीच सहकार्य सुदृढ गर्नु, नीतिगत समन्वय कायम गर्नु तथा अन्तर-सेक्टरको एकीकृत तथ्यांक अभिवृद्धि गर्नु अति आबस्यक भै सकेको छ (Pokharel et al., २०२४) ।

# भाग दुई: WEFE नेक्सस अवधारणाको ब्यबहारिक प्रयोग

## १२ 'ज' र १७ 'सूत्र' को नेपालीकृत अवधारणा

WEFE नेक्सस अवधारणालाई स्थानीय सन्दर्भमा सरल, स्मरणीय र व्यवहारिक बनाउने उद्देश्यले नामकरण गरीएको "१२ ज" र "१७ सूत्र" नेपालीकृत अवधारणा हुन् । योजना तर्जुमामा संलग्न स्थानीय समुदाय र अभ्यासकर्ताहरूका लागि यो सामग्री स्थानीय आवश्यकताअनुसार तयार गरीएको हो ।

### २.१ १२ 'ज' को अवधारणा

१२ 'ज' ले नेपालको प्राकृतिक श्रोत व्यवस्थापनसँग सम्बन्धित सांस्कृतिक र पारिस्थितिक रूपमा महत्वपूर्ण रहेका पक्षहरूलाई प्रतिनिधित्व गर्दछ । "१२" (एक दर्जन) संख्या नेपाली समाजमा पूर्णता र व्यवहारिक समूहबद्धताको प्रतीक मानिन्छ । दैनिक जीवनमा व्यापक प्रयोग हुने भएकाले स्मरण गर्न वा सम्झन यसले सहजता प्रदान गर्दछ । साथै, नेपाली वर्णमालाको "ज" अक्षरलाई जानाजानी चयन गरीएको हो, किनकि यसबाट सुरू हुने शब्दहरू – जल, जंगल र जमीन नेपालको प्राकृतिक वातावरण र ग्रामीण जीविकोपार्जनका आधारस्तम्भ हुन् । यसरी "१२" संख्या र "ज" अक्षरको संयोजनले एकीकृत श्रोत व्यवस्थापनबारे छलफल गर्न अर्थपूर्ण र स्मरणीय ढाँचा प्रदान गर्दछ ।

### २.२ १७ सूत्रको अवधारणा

१७ 'सूत्र' दिगो विकास लक्ष्यहरू (SDGs) सँग मिल्ने संख्या हो र यी १७ वटा WEFE का प्रमुख तत्वहरू यस्ता छन् जसलाई स्थानीय गाउँ/नगरपालिका तह देखिनै योजना तर्जुमा प्रक्रियामा समेटिनु आवश्यक छ । कार्यशाला गोष्टिका क्रममा सहभागीहरू समेतको सुझाबमा १२ 'ज' सँग जोडीएका १७ किसिमका बिषयहरू पहिचान गरी नेपालको सन्दर्भमा WEFE नेक्ससको बुझाइ सरल र गहिरो बनाइएको हो । यी संख्या, शब्द र बिषयहरू स्मरण गर्न सजिलो हुने र प्रशिक्षण तथा पैरवी (advocacy) मा "सूत्र" अर्थात् संक्षिप्त मार्गदर्शक सिद्धान्तका रूपमा प्रयोग गर्न मिल्ने भएकाले चयन गरीएका हुन् – विशेषतः GESI उत्तरदायी WEFE नेक्ससको सन्दर्भमा ।

१७ सूत्रहरूको मूल आसय १२ 'ज' बीचको आपसी अन्तरसम्बन्ध र यिनीहरूको परस्पर निर्भरताको पहिचान गर्नु हो । WEFE संग सम्बन्धित बिषयगत क्षेत्र (सेक्टर), सरोकारवाला, सवाल र मुद्दाहरू – जस्तै सिमान्तकृत वर्गहरूको श्रोत माथिको अधिकार, पहुँच, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सहकार्य, आपसी लाभलाई (synergies) बढाउने र हानिलाई (trade–offs) न्यून गर्ने तथा सुशासन सुदृढ गर्ने बिषयहरूलाई समेट्छ ।

यी सूत्रहरूका मुख्य लक्ष्यहरू - SDGs, WEFE श्रोत व्यवस्थापन तथा मानबताको कल्याण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि (DRR/M) व्यवहारिक ज्ञान प्रदान गर्नु हो ।

सूत्रहरू तालिका १ मा प्रस्तुत गरीएको छ । यसको अलावा, GESI केन्द्रित सूत्र ५ - लैङ्गिक समानता हासिल गर्ने तरिका; सूत्र १३ - जलवायु कार्यलाई सुदृढ गर्ने तरिका; तथा सूत्र १४ - नेक्ससको शासकीय स्वरूप सम्बन्धि बिषयको विस्तृत विवरण अनुसूची १ मा समावेश गरीएको छ ।

### सूत्र एकः एक दर्जन श्रोतहरू

कार्यः विभिन्न सूत्रहरूको प्रयोग गरी प्राकृतिक तथा मानव श्रोतहरूको अन्तरसम्बन्ध कस्तो हुने रहेछ बुझ्ने ।

सूत्र १ ले बाँकी १६ सूत्रमा प्रस्तुत गरीएका तत्वहरूलाई आपसमा जोड्ने आधार प्रदान गर्दछ। १२ 'ज' ले WEFE नेक्सससँग सम्बन्धित सबैभन्दा महत्वपूर्ण प्राकृतिक तथा मानव श्रोतहरूको व्याख्या गर्दछ । "१२" संख्या नेपाली सन्दर्भमा सरल र सांस्कृतिक रूपमा परिचित भएकाले यसलाई सजिलै सम्झन सकिन्छ (चित्र १ हेर्नुहोस्) ।

यस अवधारणामा १२ प्रमुख श्रोत समावेश छन्, जस मध्ये १० वटा प्राकृतिक श्रोतसँग सम्बन्धित छन् भने र बाँकी २ वटा मानव मानब बिचको शक्ति सम्बन्ध र जीविकोपार्जनका आधारभूत पक्ष जस्तै लैङ्गिक समानता र सामाजिक न्याय र बिपन्नतासँग सम्बन्धित छन । यसरी १२ 'ज' ले WEFE नेक्ससलाई सरल तर समग्र रूपमा प्रस्तुत गर्दै प्राकृतिक र मानव श्रोतहरूको अन्तरसम्बन्धलाई दिगो विकास तथा न्यायोचिततासँग जोड्दछ ।

यी सूत्रहरूले तल उल्लेखित अन्य १६ बिषयहरूसँग सम्बन्धित सबै तत्वहरूमा १२ ज को रूपमा देखाइएका श्रोतहरूको महत्वलाई संकेत गर्दछ । यी सूत्रहरूले १२ प्रकारका श्रोतहरूबीचको आपसी सम्बन्ध बुझ्न सहयोग गर्दछ – विशेषतः सूत्र २ मा वर्णन गरीएको आपसी लाभलाई (synergies) कसरी बढाउने र हानिलाई (trade–offs) कुन तरिकाले न्यून गर्ने बिषय सिकाउछ ।




चित्र १: १२ 'ज'

**चित्र १ मा प्रस्तुत श्रोतहरूलाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।**

१. जल (Water) – जलश्रोत तथा व्यवस्थापन

२. जङ्गल (Forests) – वन श्रोत तथा संरक्षण

३. जमिन (Land) – भूमि उपयोग तथा व्यवस्थापन

४. जैविक ऊर्जा (Bio–energy) – नवीकरणीय जैव-ऊर्जा श्रोत

५. जलश्रोत प्रणाली र जलाधार (Water system and Watersheds) – सम्पूर्ण जल प्रणाली तथा जलाधार व्यवस्थापन

६. जैविक मल (Organic Fertilizers) – प्राङ्गारिक मल तथा माटो उर्वरता व्यवस्थापन

७. जैविक विविधता (Biodiversity) – जैविक श्रोत तथा पारिस्थितिकीय सन्तुलन

८. जडीबुटी (Medicinal Plants) – औषधीय वनस्पति तथा गैर-काष्ठ वन पैदावार

९. जलवायु परिवर्तन (Climate Change) – जलवायु जोखिम व्यवस्थापन, अनुकूलन र न्यूनीकरण

१०. जनावर (Animals) – पशुधन तथा वन्यजन्तु व्यवस्थापन

११. लैङ्गिक तथा सामाजिक न्याय (Gender and Social Justice) – समता, अधिकार तथा समावेशी शासन

१२. जनताको जीविकोपार्जन (People's Livelihoods) – दिगो जीविका तथा सामुदायिक सशक्तीकरण

यदि आवश्यक भएमा, यी विषयहरूलाई WEFE-GESI-जलवायु एकीकृत योजना अन्तर्गत प्राकृतिक श्रोत व्यवस्थापन, सामाजिक समावेशीकरण तथा दिगो जीविकोपार्जन प्रवर्द्धनका प्रमुख आधार क्षेत्रहरूका रूपमा पनि प्रस्तुत गर्न सकिन्छ ।

## सूत्र दुईः WEFE नेक्ससबाट हुने समन्वयात्मक/ सहक्रियात्मक लाभ (synergy) र लाभ-हानि सन्तुलन सम्झौता (trade–offs) आकलन र मापन

कार्यः एउटा क्षेत्रमा गतिविधि गर्दा अर्को क्षेत्रमा पर्ने लाभ र हानिको मूल्याङ्कन गर्ने ।

WEFE नेक्ससका दुई महत्वपूर्ण पक्षहरू हुन्:

१. आपसी लाभ (synergies)

२. एक आपसमा हानि (trade–offs)

WEFE का क्रियाकलापहरूले एक अर्कोबाट हुने हानि वा नकारात्मक प्रभाव (trade–offs) लाई न्यून गर्दै एक अर्कोबाट हुने सकारात्मक प्रभाव हुने सहकार्यलाई (synergies) अधिकतम गर्ने लक्ष्य राख्दछन्, जसले एकीकृत र सन्तुलित विकासको दृष्टिकोणलाई सुनिश्चित गर्दछ (Nepal et al., २०२१) ।

उदाहरणका लागिः कृषि र जलविद्युत दुबैकालागि पानीको श्रोत चाहियो भने कसलाई प्राथमिकता दिने भन्ने सवालमा कृषि र जलविद्युत बिषयगत क्षेत्र (सेक्टर) बीच प्रतिस्पर्धा र विवाद हुन सक्छ । त्यसबाट उत्पन्न विवादको न्यूनीकरण गर्न र आपसी लाभ बढाउन नवीकरणीय ऊर्जाको प्रयोग मार्फत कृषि उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ । पानीको श्रोतलाई जलविद्युतको लागि प्राथमिकतामा राख्न सकिन्छ । यसो गर्दा कृषि बाट खाद्यान्न उत्पादन गरी जल विद्युतबाट आएको बिजुलीले कृषि उद्यम बढाई त्यो बाट स्थानीय जीविकोपार्जन सुदृढ र रोजगारीका अवसरहरू विस्तार गर्न सकिन्छ । साथै, पारिस्थितिक प्रणालीको अखण्डता र दिगोपन सुनिश्चित गर्दै जैविक विविधता र प्राकृतिक पूँजीको विकास र संरक्षण गर्न सकिन्छ (Pokharel et al., २०२४) ।

## सूत्र तीनः पहिचान, प्रतिनिधित्व र लाभांशको न्यायोचित बितरण

कार्यः WEFE श्रोत व्यवस्थापनमा समानता र समावेशिता सुनिश्चित गर्न 'तीन R', Recognition (पहिचानको मान्यता), Representation (प्रतिनिधित्व), र Redistribution (पुनर्वितरण) प्रयोग गर्ने ।

पहिचानको मान्यता, प्रतिनिधित्वको सुनिश्चितता र लाभांशको न्यायोचित बितरणको लागि WEFE श्रोतहरूमा समानता र समावेशिता सुनिश्चित गर्न 'तीन R' को सिद्धान्त प्रयोग गर्ने । WEFE नेक्ससमा GESI मुलप्रवाहीकरण गर्न यी तिन R आधारभूत स्तम्भहरू हुन् । यिनीहरूले सबै सरोकारवालाहरूबीच पहिचानको, समावेशी सहभागिताको र लाभको न्यायोचित वितरणको मुद्धा उठाउछ ।

GESI मूलप्रवाहिकरणले विविध वर्ग र समूहहरू विशेषतः सीमान्तकृत वा प्रतिनिधित्वविहीन समुदायका लागि प्राकृतिक श्रोतमा न्यायोचित र दिगो पहुँच सुनिश्चित गर्न प्रवेश-बिन्दुको रूपमा काम गर्दछ (Jalonen et al., २०२२) ।

Fraser (१९९८, २००६, २०१०) द्वारा प्रस्तावित सामाजिक न्यायकोलागि यो ३ R ढाँचाले, जसलाई "सहभागितामूलक समानता" (participatory parity) को ढाचा पनि भनिन्छ, समाजका सबै सदस्यहरूले समान रूपमा अन्तरक्रिया गर्न सक्ने अवस्था पाउनु पर्छ भन्ने कुराको वकालत गर्दछ ।

**पहिचानको मान्यता** (Recognition)

पहिचानको मान्यता भनेको WEFE श्रोतको व्यवस्थापनको सिलसिलामा हुने निर्णयबाट प्रभावित हुन सक्ने सबै व्यक्ति र समूहहरूलाई वैध र सम्मानित सरोकारवालाका रूपमा स्वीकार गर्ने र उनीहरूको ज्ञान, प्राथमिकता र जीवन अनुभवलाई निर्णय प्रक्रियामा प्रभाब पार्न सक्ने बनाउनु हो ।

**प्रतिनिधित्व** (Representation)

प्रतिनिधित्व भन्नाले दलित, महिला, आदिवासी, जनजाति र सीमान्तकृत समुदायहरूलाई नीति, योजना तर्जुमा र शासकीय संरचनामा समान सहभागिता र अधिकार सुनिश्चित गर्ने कुरालाई जनाउछ ।

**लाभको न्यायोचित वितरण** (Redistribution)

लाभको न्यायोचित वितरणको सिद्धान्तले श्रोत, अवसर र लाभमा न्यायोचित पहुँच सुनिश्चित गर्दै WEFE का क्रियाकलापहरुबाट प्राप्त उपलब्धिहरूले विद्यमान असमानता घटाउने र सामाजिक न्याय प्रवर्द्धनलाई सुनिश्चित गर्दछ ।

यी तीन स्तम्भहरू सन्तुलित रूपमा समावेश गरेर काम गरीयो भने WEFE श्रोतको व्यवस्थापन गर्दा सहभागितामूलक प्रणालीको प्रवर्द्धन हुन्छ । जसले गर्दा जलश्रोत, ऊर्जा, खाद्य लगायत प्राकृतिक श्रोतहरूको दिगो व्यवस्थापनमा सबै लिङ्ग, जात जाती, वर्ग वा समुदायले योगदान दिन र लाभ लिन सक्षम भएको महसुस गर्दछन ।

## सूत्र चारः नियत, नियम, संस्कार र व्यवहार

कार्यः समग्र र दिगो शासकीय स्वरूपकोलागि Ken Wilber द्वारा प्रतिपादित All Quadrants and All Levels (AQAL) म्याट्रिक्स प्रयोग गर्ने ।

प्राकृतिक श्रोतहरूको प्रभावकारी सुशासनका लागि चार पक्षहरूमा सन्तुलित ध्यान आवश्यक हुन्छः ति हुन् -

- व्यक्तिको नियत (Attitude/Intention)
- मानिसहरूले बनाएका औपचारिक नीति नियमहरू (Policies/Laws)
- परिवार तथा समाजले बनाएका अलिखित संस्कार र संस्कृतिहरू (Culture)
- व्यक्तिको व्यवहार (Behavior)

Ken Wilber (२००५) द्वारा प्रतिपादित Integral Theory (AQAL) को ढाँचाअनुसार यी चार आयामहरूले मानव जाति र उनीहरूले बनाएको संस्थागत प्रणालीका सम्बन्धित तहहरूको प्रतिनिधित्व गर्दछन्, जसले श्रोत व्यवस्थापन र लाभ र हानिको स्वरूप निर्धारण गर्दछ । मानिसहरूले बनाएका नीति नियम र संस्थागत संरचनाले शासकीय पद्धतिको आधार तयार गर्दछन् भने नियत, संस्कार र व्यवहारले ती नीतिहरू कसरी कार्यान्वयन हुन्छन् भन्ने निर्धारण गर्दछन् । यी सबै मिलेर WEFE नेक्ससका सामाजिक, राजनीतिक र संस्थागत आयामहरू परिभाषित गर्न सकिन्छ ।

तालिका २ मा प्रस्तुत म्याट्रिक्स प्रयोग गर्दा नेतृत्वकर्ता र अभ्यासकर्ताहरूलाई निम्न कार्य गर्न प्रोत्साहन मिल्छः

- दिगो र न्यायोचित श्रोत व्यवस्थापनका लागि सकारात्मक सोच/ नियत र व्यक्तिगत प्रतिबद्धताको विकास गर्न ।
- सेक्टर सेक्टर बिचमा समन्वय गरी र समावेशी नीतिहरूको विकास र कार्यान्वयन गर्न ।
- प्रकृति र मानब जातिको सामूहिक हितको सम्मान गर्ने साझा सांस्कृतिक मूल्यहरू प्रवर्द्धन गर्न ।
- नैतिक र जिम्मेवार ढंगले श्रोतको विकास गर्न ।

तालिका २ः WEFE क्षेत्रमा नीति र कानूनहरूको कार्यान्वयन गर्ने ढाँचा

| | Subjective /Interior | Objective/Exterior |
|---|---|---|
| **व्यक्तिगत** (Self) | **नियत** (Intentions)<br>इच्छा<br>मनोवृत्ति<br>सोच्ने तरिका<br>प्रतिबद्धताको अवस्था<br>भावनात्मक स्थिति<br>विचार/ सोच | **व्यवहार** (Behavior)<br>जैविक गुणका पक्ष<br>मस्तिष्क/ मानसिक पक्ष्य<br>आनुवंशिकता<br>शारीरिक अवस्था<br>आध्यात्मिकता |
| **सामूहिक** (Collective) | **संस्कार** (Culture)<br>मूल्यहरू<br>सामाजिक मान्यताहरू<br>मिथ्या/ भ्रामक बिचारहरू<br>परिवारले दिएको शिक्षा<br>सम्बन्ध सम्बन्धि धारणा<br>परिवार र समुदायका अलिखित नियमहरू | **प्रणाली (नियम)**<br>नीति, नियम, कानून, प्रक्रिया<br>संघ, संस्था, संगठन<br>प्राकृतिक, मानविय र आर्थिक श्रोतहरू<br>प्रविधि<br>अर्थतन्त्र<br>राजनीति<br>उत्पादन र उपभोग |

**श्रोतः** Wilber (२००५)

खैरो रंगमा अंकित चार Quadrants मा भएका चार आयामहरूमध्ये कुन Quadrant को कुन तत्वले कुनलाई कसरी प्रभाव पारेको हुन्छ भन्ने कुराले निर्णयकर्ता वा सरोकारवालाहरूको WEFE सम्बन्धि कृयाकलाप कस्तो हुन्छ भन्ने कुराको निर्धारण गर्दछ । उदहारणको लागि व्यक्तिको नियत राम्रो छैन भने जतिसुकै राम्रो नीति बनाएपनि लागु हुन गाह्रो हुन्छ । त्यसैगरी परिवार र समुदायका अलिखित नियमहरू जातीय हिसाबले वा लैंगिक हिसाबले विभेदपूर्ण छन् भने GESI को जतिसुकै राम्रो नीति भएता पनि व्यवहारमा लागु हुदैन । आध्यात्मिकता विश्वास भएको मानिसले असल मानबिय गुण देखाउने भएकाले नीति नियम जस्तोसुकै भएपनि श्रोत हडप्ने र अन्याय गर्ने सम्भावना कम रहन्छ भन्न सकिन्छ आदि आदि ।

छोटकरीमा भन्नु पर्दा यो म्याट्रीक्सले मानिसको नियत, मूल्य, मान्यता, स्वभाव, ब्यबहारलाई संस्कार, संस्थागत संरचना, नीति र नियमले कसरी बाध्न सक्छ वा सक्दैन र WEFE श्रोतहरूको दिगो व्यवस्थापन गर्न व्यक्ति वा संस्थालाई के के कुराले कसरी प्रेरित गर्दछ वा गर्दैन भन्ने कुराको विश्लेषण गर्न मद्धत गर्दछ ।

## सूत्र पाँचः लैङ्गिक समानता र महिला तथा बालिकाको सशक्तीकरण

कार्यः माथि उलेख भए झैँ १२ ज को व्यवस्थापनमा लैङ्गिक समानता र महिला तथा बालिकाको सशक्तीकरणलाई (SDG ५) WEFE नेक्ससको सबैभन्दा महत्वपूर्ण तत्वको रूपमा केन्द्रित गर्ने नीति अवलम्बन गर्ने ।

WEFE नेक्सस अवधारणाको सफलताको लागि लैङ्गिक समानता र महिला तथा बालिकाको सशक्तीकरणको काम केन्द्रमा रहनु पर्दछ । SDG ५ हासिल गर्न WEFE श्रोतहरूको छुट्टा छुटै व्यवस्थापन गर्दाका बखत होस् वा नेक्सस अवधारणा लागु हुदाका बखत होस महिलाहरू तथा सीमान्तकृत समूहहरूको सहभागितालाई योजना तर्जुमा प्रक्रिया, योजनाको कार्वान्यन र लाभ-वितरणमा बाधा गर्ने नीतिगत, कानूनी र संरचनागत अवरोधहरू पहिचान गरी त्यसको सम्बोधन तुरुन्त गर्न आवश्यक हुन्छ ।

WEFE योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानताको मुलप्रवाहीकरण गर्दा लिङ्ग मात्र नभै त्यस भित्र पनि कुन वर्ग, जात, जातीयता वा सामाजिक-आर्थिक पृष्ठभूमि सबैको न्यायोचित पहुँच र लाभ सुनिश्चित गर्नु पर्दछ ।

यसका लागि स्थानीय सरकारहरूले निम्न क्रियाकलाप गर्नु पर्दछः

- योजना तर्जुमा, बजेटको बांडफांट र कार्यान्वयनका सबै चरणहरूमा लैङ्गिक उत्तरदायी नीति र अभ्यास समावेश गर्ने ।
- श्रोत व्यवस्थापन गर्न जिम्मेवारी पाएका संघ संस्थाहरूमा महिलाको नेतृत्व र क्षमता अभिवृद्धि गर्ने ।
- प्रगति मूल्याङ्कनका लागि लैंगिक खण्डीकृत तथ्यांक (gender–disaggregated data) र अनुगमन संयन्त्र सुनिश्चित गर्ने ।
- समावेशी र न्यायोचित शासकीय स्वरूपको लागि समुदाय स्तरमा सचेतना जगाई संस्थालाई सुदृढ गर्ने ।

WEFE श्रोत व्यवस्थापनमा GESI को मुलप्रवाहीकरण गर्न गाँउ/नगरपालिका र वडाहरूले सामाजिक न्याय, समानता र दिगो विकासको सिद्धान्तलाई आत्मसात गर्नु पर्दछ । WEFE योजना प्रक्रियामा GESI मुलप्रवाहीकरणका लागि सूत्र २, ६, ७, १३, १४, १५ लागु गर्दा पनि यस बिषयलाई विशेष जोड दिनु पर्दछ । बक्स हेर्नुहोस । GESI मुलप्रवाहीकरणलाई मूल मन्त्रका रूपमा लिनु पर्दछ । यसको थप विस्तृत बिष्लेषण अनुसूची २ मा समेत समावेश गरीएको छ ।

| |
|---|
| SDG २ - खाद्य सुरक्षा, SDG ६ - स्वच्छ पानी; SDG ७ - सुलभ तथा स्वच्छ ऊर्जा प्रवर्द्धन, SDG १३ - जलवायु कार्य, SDG १४ - जलचरको जीवन संरक्षण, SDG १५ - स्थल चरको जीवन संरक्षण |

## सूत्र छः बहुआयामिक दृष्टिकोणबाट समस्याहरूको समाधान

कार्यः WEFE नेक्ससको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन गर्न श्रोतहरूको व्यवस्थापनमा आइपरेका समस्याहरूको प्राविधिमा आधारित, प्रकृतिमा आधारित, शासकीय पद्धतिमा आधारित, मागमा आधारित, बजारमा आधारित तथा सामाजिक न्यायको सिद्धान्तमा आधारित गरी वहुआयामिक र एकीकृत सोचाइको आधारमा समाधानका उपायहरू खोज्ने । दिगो र समावेशी WEFE नेक्सस कार्यान्वयनका लागि नीति, योजना र कार्यान्वयनका सबै चरण र तहहरूमा बहुआयामिक दृष्टिकोण आवश्यक हुन्छ । त्यसैले एकलकाटे सोचाइ त्याग्नु पर्दछ ।

एकीकृत र बहुआयामिक दृष्टिकोणका प्रमुख तत्वहरूः

i) प्राविधिमा आधारित
इन्जिनियरिङ र प्रविधिको प्रयोगद्वारा सामाजिक र वातावरणीय चुनौती समाधान गर्ने – जस्तै दिगो पूर्वाधार ।

ii) प्रकृतिमा आधारित समाधानहरू
वन, पानीको मूल, मुहान, सिमसार क्षेत्र र जलाधार जस्ता पारिस्थितिक प्रणालीको संरक्षण तथा पुनर्स्थापना जैविक (biological) तरिकाले गरी सन्तुलन सुनिश्चित गर्ने ।

iii) सुशासनमा आधारित समाधानहरू
विधिको शासन, पारदर्शिता, जवाफदेहिता, सहभागिता, जिम्मेवारीपन, नैतिकता, गरिबमुखी र सहकार्यमा आधारित निर्णय प्रकृया, विकेन्द्रीकरण, निक्षेपण, नागरिकको शशक्तिकरण जस्ता सुसानका सिद्धान्तहरू व्यवहारमा लागु गरी समावेशी, समतामुलक WEFE सेक्टरको शासकिय पद्धतीको प्रवर्द्धन गर्न बहु-सरोकारवाला मञ्चहरू निर्माण गरी तिनीहरूलाई सुदृढ पार्ने ।

iv) मागमा आधारित समाधानहरू
क्षमता विकासका कार्यक्रमहरू मार्फत समुदायमा सचेतना अभिवृद्धि गर्दै जनताहरूलाई सशक्तीकरण गर्ने ।

v) बजारमा आधारित समाधानहरूः
निजी क्षेत्रसँग साझेदारी सुदृढ गर्दै रोजगारी र आर्थिक वृद्धिको लागि दिगो उद्यम, न्यायोचित व्यापार, ब्यबसाय र लगानी प्रवर्द्धन गर्ने ।

vi) सामाजिक न्यायमा आधारित समाधानहरू
निर्णय प्रक्रियामा न्याय, समावेशिता, ज्ञानको सह-सिर्जना (co–creation), लाभको न्यायिक वितरण र नीतिगत प्रतिनिधित्व सुनिश्चित गर्ने ।

यी छ वटा बहुआयामिक दृष्टिकोणबाट एकीकृतरूपमा कार्य गर्न WEFE नेक्सस अवधारणाले मद्धत पुर्याउछ । जसले गर्दा प्राकृतिक श्रोतहरूको समग्र विकास समावेशी र जलवायु उत्तरदायी कार्यक्रमहरू मार्फत पनि गर्न सकिन्छ ।

## सूत्र सातः स्वच्छ पानी र वैकल्पिक ऊर्जाको बिस्तार

कार्यः स्थानीय तहमा सुलभ, स्वच्छ पानी तथा नवीकरणीय ऊर्जा पहुँच विस्तारलाई प्राथमिकता दिने । भरपर्दो र समावेशी नवीकरणीय ऊर्जाको पहुँच बढाउने (SDG ६ र ७) कुरालाई मार्गनिर्देसक सिद्धान्तका रूपमा अवलम्बन गर्ने ।

जलश्रोत र ऊर्जा WEFE नेक्ससको कार्यान्वयनका लागि धेरै महत्वपूर्ण पक्ष हुन् जसले जलश्रोत आपूर्ति, कृषि उत्पादन र पारिस्थितिकीय स्वास्थ्यमा प्रत्यक्षरूपमा प्रभाव पारेका हुन्छन । SDG ६ र ७ हासिल गर्न गाँउ/नगरपालिका तहले प्राकृतिक श्रोतको संरक्षण गर्ने, दिगो

न्यून-कार्बन र समावेशी ऊर्जा प्रणाली प्रवर्द्धन गर्दै श्रोतमा आश्रित जनताहरूको जीविकोपार्जनमा सुधार ल्याउन विषेश ध्यान दिनु पर्दछ । यसका लागि स्थानीय सरकारहरूले निम्न कार्यहरू गर्नु फलदायी हुन्छः

- सौर्य उर्जा (solar energy), साना जलविद्युत् र सामुदायिक स्तरमा बायोग्यास प्लान्ट जस्ता अफ-ग्रिड तथा विकेन्द्रीकृत प्रणालीमार्फत पहुँच विहीन क्षेत्रमा ऊर्जा विस्तार गर्ने ।
- जैबिक ब्रिकेट, जैबिक पेलेट र सौर्य सिँचाइ जस्ता नवीकरणीय ऊर्जाको प्रवर्द्धन गरी जीवाश्म इन्धन (fossil fuel) र दाउरामाथिको निर्भरता घटाउने ।
- सुधारिएको सिँचाइ पम्प, LED बत्ती र ऊर्जा-दक्ष (insulated) पूर्वाधार ।
- महिला र सीमान्तकृत उद्यमीहरूलाई स्वच्छ ऊर्जा (clean energy) उद्यमहरूको नेतृत्व गर्न सशक्त बनाउने ।
- स्थानीय सरकार, निजी क्षेत्र र वित्तीय संस्थाबीच साझेदारी तथा सहकार्य सुदृढ गरी नवीकरणीय ऊर्जामा लगानी परिचालन गर्ने ।

माथिका क्रियाकलाबहरू कार्यान्वयन गर्न गाँउ/ नगरपालिकाको योजना तर्जुमा र बजेट बाँडफाँटमा स्थानीय सरकारले जलवायु उत्थानशीलता बढाउन, उत्सर्जन घटाउन तथा समावेशी आर्थिक वृद्धिमा योगदान गर्न विषेश पहल गर्नु पर्दछ ।

## सूत्र आठः गैर-नेक्सस प्रवृत्तिहरूबाट जोगिने

कार्यः क्षेत्रगत रूपमा एकलकांटे प्रवृत्तिहरू पहिचान गरी त्यस्ता कार्यशैली त्याग्ने । योजना तर्जुमा, बजेट बाडफाँड तथा योजना कार्यान्वयनमा सहकार्यको संस्कृति अवलम्बन गर्ने ।

नेपालमा श्रोत व्यवस्थापन अभ्यासहरू प्रायः खण्डित (fragmented) रहँदै आएका छन् जसले कमजोर कार्यक्षमता, दोहोरोपन र सुनौला अवसरहरू गुमाउनु पर्ने अवस्था सिर्जना गरेको छ । यस सूत्रले गैर-नेक्सस प्रवृत्तिहरूलाई परित्याग गरी एकीकृत र समन्वयमा आधारित समाधान अवलम्बन गर्न प्रेरित गर्दछ ।

त्याग्नुपर्ने गैर-नेक्सस प्रवृत्तिहरूः

i) अलग-अलग योजना र छुट्टा छुट्टै व्यवस्थापन इकाई
WEFE सेक्टरहरू बीचको अन्तरसम्बन्ध विचार नगरी छुट्टाछुट्टै रूपमा योजना बनाउने प्रवृत्ति ।

ii) एकल-सेक्टर नीति र रणनीति
कृषि वा ऊर्जा वा जलश्रोत वा वन जस्ता एउटै मात्र सेक्टरमा सीमित नीति, जसले श्रोत अन्तरनिर्भरताको प्राकृतिक सिद्धान्तको बेवास्ता गर्दछ ।

iii) सेक्टरमात्रको हित हेर्ने एकलकांटे कार्यशैली (Silos)
आफ्नो सेक्टरमात्रको हित हेर्ने बहानामा विभिन्न संघ संस्था र सरोकारवाला बीच समन्वय नगरी एकलकाँटे भएर काम गर्नु ।

iv) WEFE नेक्ससबाट हुने आपसी लाभ (synergy) र हानिको (trade–offs) मापनको अभाव
एउटा सेक्टरमा गतिविधि गर्दा अर्को क्षेत्रमा पर्ने लाभ र हानिको मूल्याङ्कन नगर्नु र सकारात्मक तथा नकारात्मक प्रभावहरू के कति मात्रामा छन् भन्ने एकिन पनि गर्न नसक्नु। समन्वयात्मक/ सहक्रियात्मक लाभ (synergy) र लाभ-हानि सन्तुलन सम्झौता (trade–offs) को बिषयमा ज्ञान समेत नहुनु ।

v) सरोकारवाला बीचको समन्वयको कमी र सीमान्तकृत समूहको वहिष्करण
सरोकारवाला बीचको समन्वयको कमी हुनु र स्थानीय समुदाय, निजी क्षेत्र वा सीमान्तकृत समूहलाई निर्णय प्रक्रियाबाट बाहिर राख्नु ।

vi) जैव मण्डल (biosphere), समाज र वातावरणप्रति असंबेदनशील हुनु
पर्यावरणीय सीमालाई बेवास्ता गर्दै श्रोत दोहन गर्नु ।

vii) अल्पकालीन समाधानमा जोड
दीर्घकालीन दिगोपन भन्दा तुरुन्त र क्षणिक लाभलाई मात्र प्राथमिकता दिनु ।

viii) GESI उत्तरदायी बहुआयामिक समाधानको अभाव हुनु
श्रोत व्यवस्थापन गर्दा समता, समानता र समावेशिताका कुराहरूलाई समेट्न नसक्नु ।

## सूत्र नौः प्राकृतिक श्रोतहरूमाथि नागरीकका अधिकारहरू

कार्यः WEFE नेक्सस प्रणाली लागु गर्न समावेशी, न्यायोचित र जवाफदेही सुशासन सुनिश्चित गर्न नागरीक तथा समुदायका अधिकार र कर्तव्यहरूलाई स्पष्ट पार्दै श्रोतहरूको संरक्षण गर्ने ।

WEFE श्रोतहरूको व्यवस्थापन दिगो बनाउन नेक्सस अवधारणा अवलम्बन गरी नागरीक, समुदाय र संस्थाहरूका अधिकार तथा जिम्मेवारी

स्पष्ट हुन आवश्यक छ । विशेषतः स्थानीय समुदाय, महिला, आदिवासी जनजाति र सीमान्तकृत समूहहरूको श्रोतमाथिको पहुँच, व्यवस्थापन र लाभ सुनिश्चित गर्नु अत्यावश्यक हुन्छ । जसकालागि विभिन्न तहका सरकारहरूले संरक्षण गर्नुपर्ने नौ अधिकारहरू निम्न हुन सक्छनः

i) श्रोतमाथिको पहुँचको अधिकार
दैनिक आवश्यकता र जीविकोपार्जनका लागि WEFE श्रोतमा भौतिक पहुँच ।

ii) उत्पादन माथिको नियन्त्रणको अधिकार
निर्धारित सदस्यहरूले दिगो रूपमा श्रोत उपयोग गर्न पाउने अधिकार ।

iii) श्रोतको दिगो व्यवस्थापन गर्न पाउने अधिकार
विशेषतः बिपन्न, महिला, दलित र सीमान्तकृत समूहको आवश्यकता समेट्दै श्रोत संरक्षण र उपयोगको योजना बनाउने तथा निगरानी गर्ने अधिकार ।

iv) श्रोतको उपयोग गर्न पाउने अधिकार
श्रोतको प्रवर्द्धन र उपयोग कसरी गर्ने र आन्तरिक खपत होस् वा बजारसम्म लाने भन्ने निर्णय गर्ने स्वतन्त्रता, न्यायोचित लाभ वितरणमा व्यक्ति वा समुदायले पाउने अधिकार ।

v) कसैलाई समावेशि गराउने वा नगराउने भन्ने अधिकार
सीमान्तकृत समूहको सदस्यता तथा नेतृत्वमा सहभागिता सुनिश्चित गर्ने लगायत समुदायको सदस्य हुन पाउने वा नपाउने भन्ने कुराको निर्धारण गर्न पाउने अधिकार ।

vi) अधिकारको अवधि
श्रोत व्यवस्थापन योजनाको कार्यान्वयन र दिगो विकासमा योगदान सुनिश्चित कति समयावधिका लागि पाउने अधिकारको सुरक्षा ।

vii) क्षतिपूर्ति पाउने अधिकार
श्रोत पुनःअधिग्रहण हुँदा होस् वा WEFE श्रोतको प्रयोजनको ढाचा बदलिएको अवस्थामा होस् राज्य वा कुनैपनि निकायबाट न्यायोचित प्रक्रियाबाट निर्णय हुनु पर्ने र व्यक्ति वा समुदायले क्षतिपूर्ति पाउनु पर्ने अधिकार ।

viii) स्वामित्व सम्बंन्धि अधिकार (Alienation)
WEFE श्रोत बेच्ने, धितो राख्ने वा स्वामित्व हस्तान्तरण गर्न पाउनु पर्ने अधिकार ।

ix) अवधि समाप्ति सम्बन्धी अधिकार (Extinguishability)
WEFE श्रोतमा कसको कति अधिकार कहिले सम्म कायम राख्ने वा समाप्त गर्ने भन्ने अधिकार ।

नेपालमा भएका विभिन्न प्राकृतिक श्रोतहरू मध्ये निजी कृषी जमिनका अधिकांश अधिकार व्यक्तिलाई दिइएको छ । तर जलश्रोत, उर्जा, वन, वातावरण, कार्बन लगायत प्राकृतिक श्रोतसंग सम्बन्धित अधिकांश अधिकार व्यक्ति वा समुदायलाई आंशिक रूपमा मात्र हस्तान्तरण गरीएको छ । उदाहरणको लागि सामुदायिक वनको हकमा स्वामित्व र अधिकार समाप्ति अवधि सम्बन्धि हक समुदायलाई छैन, अरू अधिकारहरू पनि आंशिक रूपमा मात्र दिईएको छ । नदी वा अन्य जलश्रोत वा जरूवा पानी वा कार्बन माथिको के कति अधिकार व्यक्तिको वा समुदायको वा सरकारको हुने भन्ने बिषयमा संघिय वा प्रादेशिक वा स्थानीय कानूनमा स्पष्टता छैन । यसलाई स्पष्ट पार्नु पर्दछ ।

गाँउ/नगरपालिकाहरूले समुदायमा आधारित श्रोत व्यवस्थापन पद्धतिलाई प्रवर्द्धन गर्नु पर्दछ । समुदायको सहभागितामूलक श्रोत व्यवस्थापन योजना र जवाफदेहिता संयन्त्र सुदृढ गर्दै स्थानीय सरकारहरूले अभिभावकको भूमिका निभाउनु पर्दछ। सरकारहरूको संरक्षण भावना (stewardship) बलियो बनाउन, द्वन्द् घटाउन र WEFE श्रोतहरूको दिगो उपयोगमा साझा जिम्मेवारी प्रवर्द्धन गर्न गाँउ/नगरपालिकाहरूले बिशेष भूमिका खेल्न सक्छन ।

## सूत्र दसः जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन र WEFE नेक्सस

कार्यः दिगो तथा जलवायु उत्तरदायी विकास सुनिश्चित गर्न WEFE नेक्सस योजना प्रक्रियामा जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनलाई एकीकृतगर्न दश प्रमुख क्षेत्रहरूबीच समन्वय र सहकार्य सुदृढ गर्ने ।

जलवायु परिवर्तन सम्बन्धी नीतिहरूमा उल्लेखित दश क्षेत्रहरू बीच (चित्र २ हेर्नुहोस) समन्वय गरी कार्बन सञ्चय, कार्बन उत्सर्जन न्यूनीकरण, पूर्वतयारी तथा विपद् जोखिम व्यवस्थापन कृयाकलापहरू मार्फत जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका कार्यहरू अगाडि बढाउन आवश्यक छ । सन् २०२१ मा नेपालले ३० वर्षे अवधिका लागि राष्ट्रिय अनुकूलन योजना (NAP २०२१-२०५०) तर्जुमा गरेको छ । यस योजनाले दिगो विकास र जलवायु उत्तरदायी विकास सुनिश्चित गर्न विभिन्न प्राथमिकताका क्षेत्रहरू निर्धारण गरेको छ । यी क्षेत्रहरूमा दिगो जीविकोपार्जन र खाद्य उपलब्धता सुनिश्चित गर्न कृषि तथा खाद्य सुरक्षा; महत्त्वपूर्ण पारिस्थितिक प्रणालीहरूको संरक्षण र प्राकृतिक श्रोत व्यवस्थापन; वन, जैविक विविधता तथा जलाधार संरक्षण; दिगो पहुँच र उत्पादन सुनिश्चित गर्न जलश्रोत तथा ऊर्जा; साथै ग्रामीण र शहरी बस्तीहरूको विकास गर्ने विषयहरू समावेश छन् ।

यसका अतिरिक्त उद्योग, यातायात तथा भौतिक पूर्वाधार सुदृढीकरण; दिगो पर्यटन प्रवर्द्धन; प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण पनि प्राथमिकतामा राखिएका छन् । स्वास्थ्य, खानेपानी तथा सरसफाइ कार्यक्रमहरूले जनस्वास्थ्यमा योगदान पुऱ्याउँछन् भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कृयाकलापहरूले जलवायुजन्य नकारात्मक प्रभावहरू कम गर्नेछन् ।

NAP ले प्रभावकारी कार्यान्वयनका लागि सक्षम वातावरण सिर्जना गर्ने उपायहरू, स्पष्ट संस्थागत संरचना, वित्तीय आवश्यकताहरू तथा अनुगमन, मुल्यांकन, आवधिक समीक्षा र चुस्त प्रतिवेदन निर्माण गर्ने र त्यस्ता संयन्त्रहरूलाई सुदृढ समेत गर्ने कुरा निर्दिष्ट गरेको छ । साथै, सबै कार्यक्रमहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई मुलप्रवाहीकरण गरी सुशासन व्यवस्था सुदृढ गर्ने र खासगरी संवेदनशील र सीमान्तकृत समुदायहरूको जीविकोपार्जनमा टेवा पुर्याउने कुरालाई स्पष्ट रूपमा उल्लेख गरेको छ ।

NAP बन्नु अघि पनि जलवायु परिवर्तन अनुकूलन नीति (MoFE, २०१९) ले १२ वटा विषयगत क्षेत्रहरू पहिचान गरेको थियो, जसमा आठ विषयगत क्षेत्र र चार साझा विषयगत क्षेत्रहरू (cross–cutting areas) समावेश थिए। विषयगत क्षेत्रहरूमा वन तथा जैविक विविधता, जलश्रोत, ऊर्जा, कृषि तथा खाद्य क्षेत्र समावेश भई पारिस्थितिक सन्तुलन र श्रोत दिगोपन सुनिश्चित गर्ने लक्ष्य राखिएको थियो ।

जलवायु अनुकूलन, न्यूनीकरण तथा विपद् जोखिम व्यवस्थापनमा 'जलश्रोत' मुख्य तत्वका रूपमा रहेको छ । बाँध, भूमिगत पानी, पानीको श्रोतको रिचार्ज, पानी सङ्कलनका लागि साना पोखरी तथा सिमसार क्षेत्र (dams, groundwater recharge, small water–harvesting ponds,and wetlands) जस्ता चार प्रमुख जल भण्डारणका उपायहरूको प्रवर्द्धनले बाढी, खडेरी तथा अतिवृष्टि अनावृष्टि जस्ता जलवायुजन्य चरमअनिश्चित अवस्थाबाट जोगिन सहयोग पुऱ्याउँछ । यी उपायहरूलाई WEFE नेक्सस दृष्टिकोणभित्र एकीकृत गर्दा श्रोतको दिगो व्यवस्थापन तथाउपयोग गर्ने दक्षता र क्षमता अभिवृद्धि हुन्छ ।

त्यसैगरी माटोको चिस्यान, पारिस्थितिकीय प्रणाली, वन, वनस्पति र वन्यजन्तु संरक्षण जस्ता कार्यहरू वर्षामा आधारित कृषिका लागि अत्यन्त महत्त्वपूर्ण हुन्छन । जसमा साना किसान, गरीब तथा सीमान्तकृत समुदायहरूको जीविकोपार्जन निर्भर रहेको हुन्छ । जलस्रोतलाई विभिन्न क्षेत्र र प्रणालीहरूसँग सशक्त रूपमा जोडेर अनुकूलन क्षमता बढाउने, प्रकृतिमा आधारित लगायत सूत्र ६ मा उल्लेख भएका बहुआयामिक समाधानहरू मार्फत कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु जोखिम व्यवस्थापन प्रभावकारी रूपमा गर्न सकिन्छ ।

नेक्सस अवधारणाको कार्यान्वयन विशेषगरी जल सुरक्षासँग (water security) गहिरो रूपमा सम्बन्धित छ, किनकि जलश्रोत प्रणालीले ऊर्जा, खाद्य र पारिस्थितिकी प्रणालीहरूलाई जोड्ने प्रमुख कडी (connector) को रूपमा काम गर्छ। जल सुरक्षा सुनिश्चित नगरी अन्य तीन प्रणालीउर्जा, खादध्य र पारिस्थितिकीय प्रणाली (EFE) को दिगोपन हासिल गर्न सकिँदैन । त्यसैले WEFE प्रणालीहरू आपसमा अन्तरसम्बन्धित छन् भन्ने कुरा स्पष्ट रूपमा बुझ्न आवश्यक छ ।

यस पुस्तिकामा "जल सुरक्षा" शब्दको प्रयोग पर्याप्त रूपमा नभएतापनि यो बिषयलाई प्राकृतिक स्रोत व्यवस्थापन (NRM) को एक महत्वपूर्ण अङ्गको रूपमा लिनु पर्दछ जसले गर्दा WEFE नेक्सस अवधारणा "वन, जंगल, उर्जा, खाद्धय र जल सुरक्षा" लगायत १२ ज को लागि अझ सुदृढ र प्रभावकारी बन्न सकोस् ।




**चित्र २:** जलवायु परिवर्तन नीति २०१९ मा उल्लिखित दस प्रमुख बिषयगत क्षेत्रहरू

श्रोतः नेपाल सरकार (२०१९)

## सूत्र एघारः सरोकारवालाहरूका बीच सहकार्य

कार्यः WEFE श्रोतहरूको प्रभाबकारी व्यवस्थापनको लागि बहु-सरोकारवाला मञ्च मार्फत सरोकारवालाहरूका बीच सहकार्य गराउने ।

सरोकारवालाहरूको पहिचान र संलग्नता सुनिश्चित गर्दै बहु-सरोकारवाला मञ्च स्थापना गर्ने । यो मञ्च मार्फत WEFE नेक्सस अवधारणा लागु गरीएको खण्डमा सामुहिक जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्न सजिलो पर्दछ किनभने यो अवधारणा सरोकारवालाहरूको सामूहिक कार्य र अन्तर-सेक्टर समन्वयमा आधारित छ । प्रभावकारी योजना, कार्यान्वयन र अनुगमनका लागि संघीय, प्रादेशिक, स्थानीय सरकार, गैर सरकारी संघ संस्थाहरू, निजी क्षेत्र तथा सामुदायिक तहका समुदाय तथा सरोकारवालाहरूको सार्थक सहभागिता आवश्यक हुन्छ । विविध दृष्टिकोण, क्षमता, ज्ञान र अनुभबलाई समेट्दा मात्र दिगो नतिजा हासिल गर्न सकिन्छ । सरोकारवालाहरूको आवश्यकता र मागलाई दिगो श्रोत व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरूको आधार बनाउनु पर्दछ ।

स्थानीय तहमा भएको WEFE नेक्सस सम्बन्धि कार्यशाला गोष्टिमा झन्डै ११ थरिका सरोकारवालाहरू पहिचान भएका थिए, जसको मुख्य काम, कर्तब्य, अधिकार र जिम्मेवारी निम्न प्रकारका छन् । यसको कार्यन्वयनको लागि संघ, प्रदेश र स्थानीय तहलाई WEFE श्रोत व्यवस्थापनका लागि कार्य विभाजन अनुसारको जनशक्ति र बजेट विनियोजन समेत गरीएको हुन्छ । यी अधिकारहरू संविधानको अनुसूची ५ देखि ९ सम्म निर्दिष्ट एकल तथा साझा अधिकार अनुसार समन्वय, सहकार्य र सह-अस्तित्वको सिद्धान्तमा आधारित भएर सञ्चालन गर्नु पर्दछ । तहगत रूपमा कसको के अधिकार भन्ने विवाद भएमा सन्निटताको सिधान्त (principle of subsidiarity) को सिद्धान्त अवलम्बन गर्नु पर्दछ ।

१. संघीय सरकार – राष्ट्रिय तहमा नीति निर्माण, श्रोत विनियोजन र नियमक संरचना र शासकीय स्वरूपको निर्धारण ।
२. प्रदेश सरकार – संघीय नीति र स्थानीय कार्यान्वयन बीच समन्वय तथा प्रादेशिक योजना तर्जुमा र बजेट व्यवस्थापन ।
३. स्थानीय सरकार – स्थानीय तहका योजनाहरूको तर्जुमा र बजेट व्यवस्थापन । स्थानीय आवश्यकताको पहिचान र त्यसको सम्बोधन, स्थानीय स्तरमा रहेका WEFE श्रोतहरूको नियमन, परियोजना निर्माण, कार्यान्वयन तथा अनुगमन र मुल्यांकन ।
४. गैर-सरकारी संस्थाहरू (NGOs) – समुदायहरूको शसक्तिकरण, पैरवी, क्षमता अभिवृद्धि तथा प्राविधिक सहयोग ।
५. सामुदायिक समूह तथा महासंघहरू – समुदाय परिचालन, वन उपभोक्ता समूह, जल उपभोक्ता समुहहरू जस्ता संगठनहरू लगायत स्थानीय सामुदायिक संघ संस्था मार्फत श्रोत व्यवस्थापन आदि ।
६. व्यवसायिक संगठनहरू – इन्जिनियर, वातावरणविद्, योजनाविद् GESI जस्ता बिज्ञता भएका व्यवसायिक संगठनहरू तथा व्यक्तित्व मार्फत सेवा प्रवाह परामर्श सेवा र सल्लाह आदि ।
७. शोधकर्ता तथा शैक्षिक संस्थाहरू – अनुसन्धान, नवप्रवर्तन र जनशक्ति विकास ।
८. बैंक तथा लघुवित्त संस्था – ऋण, अनुदान तथा लगानी सेवा ।
९. विकास साझेदार दाता तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था (Development Partners/INGOs) – वित्तीय तथा प्राविधिक सहयोग ।
१०. निजी क्षेत्र – प्रविधि विकास, नवप्रवर्तन, उत्पादन, रोजगारी वृद्धि, आर्थिक लगानी तथा सेवा प्रवाह ।
११. सेवा प्रदायक तथा परामर्शदाता – सहजीकरण, कार्यक्रम सञ्चालनमा सहयोग तथा परामर्श सेवा आदि ।

WEFE नेक्सस अवधारणाको कार्यान्वयनका लागि माथिका सरोकारवालाहरूको परस्पर सहयोगीको रूपमा निम्न भूमिकाहरू हुन सक्छनः

**जलश्रोतको व्यवस्थापनः** तीनै तहका सरकार, समुदाय र निजी सेवा प्रदायक मार्फत व्यवस्थापन ।

**ऊर्जाको व्यवस्थापनः** सार्वजनिक-निजी साझेदारी र वित्तीय संस्थाको आपसी सहयोग ।

**खाद्य व्यवस्थापनः** निजी किसान, कृषक समुदाय, समुदायमा आधारित संघ संस्था, सहकारी, सेवा प्रदायक तथा परामर्शदाताको प्राविधिक सहयोग द्वारा दिगो कृषि व्यवस्थापन ।

**वातावरण संरक्षण, जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धि कृयाकलापः** सरकार, समुदायमा आधारित संघ संस्था, सहकारी, सेवा प्रदायक तथा परामर्शदाताको आर्थिक र प्राविधिक सहयोग द्वारा प्राकृतिक श्रोतहरूको दिगो व्यवस्थापन, अनुसन्धान र पैरवीमार्फत संरक्षणको एकीकरण ।

## सूत्र बाह्रः Log frame: WEFE नेक्सस योजना तर्जुमाका लागि फलदायी तार्किक खाका

कार्यः WEFE नेक्ससलाई प्रणालीगत, नतिजामुखी र समावेशी शासकीय पद्धतिमा समायोजन गर्नका लागि लजिकल फ्रेमवर्क (Log frame) लाई योजना तर्जुमाको लागि उपयोगी बिधिको (planning tools) रूपमा प्रयोग गर्ने ।
स्थानीय स्तरको योजना तर्जुमा गर्न तथा अनुगमन र मुल्यांकन बिधिमा स्पष्टता ल्याउन तार्किक खाकालाई (logical framework) एक महत्त्वपूर्ण उपकरण हुन सक्दछ । यो २० कोठे खाकामा निम्न तत्वहरू हुन्छन् ।

- लक्षमा पुग्ने खुड्किलाहरू जस्तै दीर्घकालीन लक्ष्य (Goal), उद्देश्यहरू (Outcomes), प्रतिफलहरू (Outputs), गतिविधि (Activities) र आवश्यक श्रोतहरू (Inputs),
- मापन गर्न सकिने सुचकहरू,
- सूचक मापन गर्ने/ प्रमाणीकरण गर्ने आधारहरू,

- सम्भावित जोखिमहरू

बिस कोठे तार्किक खाका (logical framework)

अरू परियोजनामा लागु गरे झैँ WEFE नेक्सस अवधारणा लागु गर्न पनि यो खाकाले योजना प्रक्रियालाई एकीकृत, सहभागितामूलक र GESI-उत्तरदायी बनाउन मद्धत गर्न सक्दछ । यसको अलावा यसले नेक्सस अवधारणालाई व्यवहारिक, कार्यान्वयन योग्य र अनुगमन योग्य योजना बनाउन समेत सहयोग पुर्याउदछ ।

तार्किक खाका (logical framework) बनाउदा मुख्य गरी तलका १२ वटा तत्त्वहरूलाई बिशेष ध्यान दिनु पर्दछ । ति हुन्ः

| **लक्षमामा पुग्ने खुड्किला हरू** | **मापन गर्न सकिने सुचकहरू** | **मापन गर्ने, प्रमाणीकरण गर्ने आधारहरू** | **सम्भावित जोखिमहरू** |
|---|---|---|---|
| **दीर्घकालीन लक्ष्य** (Goal) | | | |
| **उद्देश्यहरू** (Outcomes) | | | |
| **प्रतिफलहरू** (Outputs) | | | |

१. दीर्घकालीन लक्ष्य (Goal)
२. उद्देश्यहरू (Outcomes)
३. प्रतिफलहरू (Outputs)
४. गतिविधि (Activities) र श्रोतहरू (Inputs)
५. मापन गर्न सकिने सुचकहरू (Indicators)
६. सूचक मापन गर्ने उपकरण/ उपायहरू (Means of verification)
७. सम्भावित जोखिमहरूको आकलन (Assumptions)
८. GESI मूलप्रवाहीकरण
९. जलवायु उत्तरदायी योजना तथा विपद् जोखिम व्यवस्थापन
१०. एकिकृत नीति, नियम, कार्यक्रम तथा WEFE सेक्टरका संस्थाहरू समन्वय गर्ने संयन्त्र
११. स्थानीय समुदाय तथा आदिवासी जनजातिको सक्रिय सहभागिता
१२. चुस्त अनुगमन, मूल्यांकन तथा ज्ञान आदान-प्रदान बिधि

यस ढाँचाले योजना प्रक्रियालाई तार्किक, पारदर्शी र नतिजामूखी बनाउँछ तथा बहु-सरोकारवाला बीच समन्वय र जवाफदेहिता सुदृढ गर्दछ ।

**तालिका ३:** WEFE नेक्सस अवधारणा लागु गर्न तयार पारिने तार्किक खाका (Log frame) बनाउने तरिकाको एक उदाहरण

| **लक्षहरू** | **तत्वहरूको व्याख्या/ विवरण** | **उदाहरण** |
|---|---|---|
| **दिर्घकालिन लक्ष्य** (Goal) | WEFE श्रोतहरूको एकीकृत व्यवस्थापन गरी हासिल गर्न खोजिएको दीर्घकालीन परिवर्तन र देखिने प्रभाव परिभाषित गर्ने । | WEFE श्रोतहरूको एकीकृत तथा दिगो व्यवस्थापनले जलवायु उत्थनशिल, GESI मुलप्रवाहीकरण तथा पारिस्थितिकीय स्वास्थ्यको सुनिश्चित भएको देखिने छ । |
| **उद्देश्यहरू** (Outcomes) | WEFE नेक्सस अवधारणा लागु लागु भएपछि प्राप्त हुने अपेक्षित परिणामहरू स्पष्ट गर्ने । | WEFE श्रोतहरूको दिगो व्यवस्थापनका लागि अन्तर-सेक्टर साझा निर्णय प्रक्रियाकोलागि बहु-सरोकारवाला मञ्च सुचारू भएको हुनेछ; एकीकृत नीति तथा मार्ग निर्देसनहरू बनेको हुने छ र सिकाइ तथा अनुभव आदान-प्रदानकालागि बनेका संयन्त्रहरूको काम प्रभावकारी हुनेछ । |
| **प्रतिफलहरू** (Outputs) | उदेश्यहरूलाई प्रतक्ष योगदान पुऱ्याउने ठोस उपलब्धिहरू पहिचान गर्ने । | तालिम जस्ता क्षमता अभिवृद्धि कार्यक्रमहरू तथा बहुआयामिक प्रविधि केन्द्रित, प्रकृति केन्द्रित, सुशासन केन्द्रित, माग केन्द्रित, बजार केन्द्रित र लैंगिक समानता र सामाजिक न्याय केन्द्रित क्रियाकलापहरू सम्पन्न भएको हुनेछन । |
| **गतिविधिहरू** (Activities) | प्रतिफल हासिल गर्न आवश्यक कार्यहरूको रूपरेखा तयार गर्ने । | क्षमता अभिवृद्धि; प्रविधि, प्रकृति, सुशासन, समुदायका माग, बजार र लैंगिक समानता र सामाजिक न्याय केन्द्रित ज्ञान आदान-प्रदान गर्ने क्रियाकलापहरूको योजना बनाउने र लागु गर्ने । |
| **श्रोतहरू** (Inputs) | मानव, वित्तीय तथा प्राविधिक श्रोतहरूको विनियोजन गर्ने । | आवश्यक वित्तीय श्रोतहरू, मानविय श्रोत तथा विज्ञता, पूर्वाधार विकासका लागि चाहिने प्रबिधिको आकलन गर्ने । |

माथिको तालिकाको बृस्तित व्याख्या अनुसूची २ मा समेत दिइएको छ । यो बाहेक WEFE श्रोतहरूको व्यवस्थापनको लागि नेक्सस अवधारणा प्रयोग गर्दा निम्न तत्वहरूलाई समेत विषेश ध्यान दिएर योजनाको तर्जुमा गर्नु पर्दछ ।

**GESI मुलप्रवाहीकरण**

WEFE श्रोतहरूको व्यवस्थापनको लागि तर्जुमा हुने योजना प्रक्रियाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सुनिश्चित गर्न महिला तथा पछाडी पारिएका वर्ग र सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

**जलवायु उत्तरदायी योजना तथा विपद् जोखिम व्यवस्थापन**

जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूको सामना गर्न क्षमता अभिवृद्धि गर्दै जलवायु परिवर्तन तथा सम्बन्धित जोखिमहरूप्रति उत्थनशिलता निर्माण गर्ने योजना बनाउनु पर्दछ ।

**एकिकृत नीति, नियम, कार्यक्रम तथा WEFE सेक्टरका संस्थाहरू समन्वय गर्ने संयन्त्र**

शासकिय प्रणालीका विभिन्न तह तथा सेक्टरहरू बीच समन्वय गर्दै WEFE सेक्टरका नीति, नियम, कार्यक्रमहरू छुट्टा छुटै भन्दा एकिकृत रूपलेतर्जुमा गर्नु पर्दछ । वित्तीय दिगोपनका लागि बाह्य श्रोत भन्दा स्थानीय लगानी जुटाउन दीर्घकालीन रूपमा नै स्थानीय वित्तीय श्रोत सुनिश्चित गर्नु पर्दछ । यसका लागि दिगो WEFE नेक्सस अवधारणा लागु गर्न स्थानीय सामुदायिक तथा आन्तरिक लगानी परिचालन गर्नु राम्रो हुन्छ । नवप्रवर्तन तथा डिजिटल प्रविधि तथा सरल विधि र उपकरणहरू (तययकि) जस्तै निर्देशिका, कार्यविधि आदि प्रयोग गर्नु पर्दछ ।

**स्थानीय समुदाय तथा आदिवासी जनजातिको सक्रिय सहभागिता**

स्थानीय समुदाय तथा आदिवासी जनजातिको सक्रिय सहभागिताका लागि WEFE नेक्सस क्षमता विकास कार्यक्रम मार्फत स्थानीय सरोकारवालाहरूलाई सशक्त बनाउदै स्थानीय ज्ञान, सिप र रैथाने ज्ञान र प्रबिधिको प्रवर्द्धन गर्नु पर्दछ ।

**चुस्त अनुगमन, मूल्याङ्कन तथा ज्ञान आदान-प्रदान बिधि**

अनुगमन, मूल्याङ्कन तथा ज्ञान आदान-प्रदान बिधिलाई चुस्त राख्न नियमित अनुगमन, आवधिक मूल्याङ्कन तथा सिकेका ज्ञान आदान-प्रदान गर्ने संयन्त्र बनाउनु पर्दछ । भएका प्रगतिहरूको अनुगमन गर्न, डाटा संकलन गर्न तथा सिकाइ अभिलेखीकरण गर्न एक ससक्त अनुगमन प्रणालीको विकास गर्नु पर्दछ ।

## सूत्र तेह्रः वञ्चित तथा सीमान्तकृत समूहहरूलाई प्राथमिकता

कार्यः WEFE योजना तथा निर्णय प्रक्रियालाई समावेशी, न्यायपूर्ण र समतामूलक बनाउन वञ्चित तथा सीमान्तकृत समूहहरूको पहिचान र प्राथमिकता निर्धारण गर्ने ।

तल बक्समा देखाईएका वञ्चित तथा सीमान्तकृत समूहहरूको सशक्तीकरणका लागि नेपालको संविधान र सम्बन्धित कानूनहरूले सकारात्मक विभेद (positive discrimination) को व्यवस्था गरेका छन् । WEFE श्रोत व्यवस्थापनका लागि जिम्मेवार सबै शासकीय तह तथा निकायहरूका नीति निर्माणदेखि कार्यान्वयन सम्मका सबै चरणहरूमा लैंगिक समानता, सामाजिक न्याय र पछाडि पारिएका वञ्चित तथा सीमान्तकृत समूहहरूको सशक्तीकरणका क्रियाकलापहरू र प्रतिनिधित्व सुनिश्चित गरीनु पर्दछ ।

**बक्स २ः** नेपालका सीमान्तकृत तथा वञ्चित लक्षित समूहहरूः

१. जातीय आधारमा सीमान्तकृत समुदाय
२. आर्थिक रूपमा विपन्न तथा गरीबीमा रहेका व्यक्ति
३. लैङ्गिक तथा यौनिक अल्पसंख्यक (LGBTIQ+)
४. अपाङ्गता भएका व्यक्ति
५. लोपोन्मुख आदिवासी जनजातीहरू
६. दुर्गम तथा सेवाको पहुँच बाहिरका बासिन्दा
७. ज्येष्ठ नागरीक
८. बालबालिका तथा युवा
९. असहाय व्यक्ति
१०. भूमिहीन तथा वधुवा श्रमिक
११. बिपन्न एकल महिला
१२. नेपाली नागरिक तर नागरिकता नपाएर राज्यविहीन भएका व्यक्ति
१३. बेरोजगार युवा

आफ्नो गाँउ/ नगरपालिका क्षेत्र भित्रका नागरिकहरूको आवधिक तथ्यांक राख्ने, पछाडी पारिएका र बिपन्न वर्गहरूको पहिचान, प्रतिनिधित्व र न्यायोचित लाभ सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत भएकाले माथि उल्लेखित लगायतका सबै नागरिकहरूको हितमा WEFE श्रोतहरूको परिचालन गर्नु स्थानीय सरकारहरूको कर्तब्य हुन आउँछ। यसका लागि निम्न कार्यक्रमहरूमा विषेस ध्यान दिनु पर्दछ।

- सहभागितामूलक योजना प्रक्रिया जसमा वञ्चित तथा सीमान्तकृत समूहहरूको पनि सक्रियता होस्
- लक्षित समुह केन्द्रित क्षमता अभिवृद्धि कार्यक्रम
- समतामूलक लाभ वितरण संयन्त्रको निर्माण र त्यसको कार्यान्वयन
- GESI उत्तरदायी बजेट विनियोजन

WEFE नेक्सस अवधारणा लागु गरी योजना तर्जुमा गर्दा माथि उल्लेखित वञ्चित तथा सीमान्तकृत समूहहरूको सरोकार र चाहाना समेट्दा साँच्चिकै अर्थमा जनता-केन्द्रित कार्यक्रम बन्न सक्दछ र संविधानले प्रत्याभूत गरेको सामाजिक न्याय, समानता र समावेशी सुशासनलाई व्यवहारमा उतार्न मद्दत पुग्छ।

## सूत्र चौधः WEFE नेक्सस शासकीय पद्धतिका विशिष्ट पक्षहरू

कार्यः WEFE श्रोतको दिगो व्यवस्थापनमा नेक्सस अवधारणाको मुलप्रवाहीकरण गर्न सबै तहका सरकार र सेक्टरहरू बिच समन्वय, पारदर्शिता, जवाफदेहिता र समावेशिताको प्रवर्द्धन गर्दै निम्न चौध प्रमुख शासकीय पक्षहरूमा सुधार ल्याउने।

विखण्डित संस्थागत संरचना, दोहोरो जिम्मेवारी तथा कमजोर समन्वयले श्रोतको दिगो व्यवस्थापन कार्यलाई बाधा पुऱ्याउने गर्दछ। यस सूत्रमा उल्लेख गरीएका प्रमुख शासकीय पक्षहरूले गाँउ/ नगरपालिका र सरोकारवालाहरूलाई सहकार्य र समन्वय केन्द्रित शासकीय प्रणाली स्थापना गर्न मार्गदर्शन प्रदान गर्दछ। WEFE श्रोतहरूको व्यवस्थापनका लागि गरीने योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा WEFE नेक्सस अवधारणालाई समायोजन गर्न शासकीय स्वरूपमा निम्न १४ पक्षहरूलाई पूर्वशर्तका रूपमा सुधार गर्नु आवश्यक हुन्छ। ति हुन्ः

i. सम्बन्धित भूगोल वा सेक्टर वा कार्यक्रमहरूमा १२ 'ज' सँग सम्बन्धित अवसर र चुनौतीहरू बारे सरोकारवालाहरू बीच ब्यापक छलफल गर्ने।

ii. सबै योजना र छलफलहरूमा यो पुस्तिकामा उल्लेख भए अनुसारका 'सत्र' सूत्रहरूलाई चेकलिस्ट वा मार्गदर्शक ढाँचाका रूपमा प्रयोग गर्ने र योजना तर्जुमाको बेला जुन जुन सूत्र सान्दर्विक छन् कार्यक्रममा त्यसको मुलप्रवाहीकरण गर्दै जाने।

iii. प्रत्येक योजना तर्जुमा र नीतिगत तथा कानूनी प्रक्रियामा वञ्चित तथा सीमान्तकृत समूहहरूको सहभागिता र आवश्यकतालाई समावेश गर्ने।

iv. योजना तथा नीतिगत छलफल तथा साझा निर्णयका लागि बहु-सरोकारवाला मञ्च स्थापना गर्ने र त्यसको संचालनको लागि चाहिने संयन्त्र, बजेट, काम कर्तब्य र अधिकार स्पष्ट पार्ने।

v. विद्यमान अन्तर-संस्थागत समन्वय समितिहरूलाई सक्रिय बनाउने।

vi. १२ 'ज' सँग सम्बन्धित श्रोतहरूको व्यवस्थापन क्षमतामा देखिएका कमि कमजोरी र खाडल (gap) पहिचान गरी (को, कहाँ, कसले, कहिले र कति बजेट) सहितको स्पष्ट कार्ययोजना तयार गरी सम्बन्धित सरोकारवालाहरूले कार्यान्वयन गर्ने।

vii. WEFE श्रोतहरूको व्यवस्थापनका लागि गरीने योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा WEFE नेक्सस अवधारणालाई समायोजन गर्न चाहिने कार्यक्रम, बजेट, जनशक्ति र अधिकार सुनिश्चित गर्न बहु-सरोकारवाला मञ्चलाई सक्रिय बनाउने। यसका मुख्य कामहरू बहु-पक्षीय सरोकारवालाहरू सबै लाई एकै ठाउँमा ल्याई, आपसी समन्वयको अभाव, दोहोरोपन (duplication), र कार्यक्षेत्रको ओभरल्याप हटाउने तथा सम्भावित आपसी लाभ र हानि (synergy and trade–offs) का विषयमा छलफल र समीक्षा गर्नु र त्यसका समाधानहरू पहिचान गर्नु हुन। यो मंचले नीतिगत र कानुनी स्पष्टता, सहकार्यमा आधारित योजना निर्माण (collaborative planning),र साझा सिकाइलाई प्रवर्द्धन गर्नु पर्दछ। यो पुस्तिका मुख्यतः स्थानीय तहलाई लक्षित भएकाले, प्राकृतिक स्रोत व्यवस्थापनको एकीकृत योजनाको अवधारणा प्रयोग गर्नु सान्दर्भिक हुन्छ। तथापि, गाँउ/नगरपालिकाभित्र विभिन्न क्षेत्रगत इकाइहरू (sectoral units) रहेका सन्दर्भमा, नेक्ससको मुख्य काम ती क्षेत्रहरूबीचको दोहोरोपन र असमन्वयलाई न्यूनीकरण गर्नु नै हुनु पर्दछ। उदाहरणका लागि, एउटै गाँउ/नगरपालिका भित्र जलश्रोत, ऊर्जा, कृषि (खाद्य), र वातावरणीय कार्यक्रमहरूबीच समन्वय अभावका कारण स्रोतहरूको प्रभावकारी उपयोग हुन नसक्ने अवस्था देखिएकोले पनि यस्तो मंचको महत्व अपरिहार्य हुन्छ।

viii. WEFE नेक्सस अवधारणा समायोजन सम्बन्धि कार्ययोजना बनाइ लागु गर्ने। यसको प्रभावकारीताको लागि नियमित रूपमा आत्म-समीक्षा गर्ने।

ix. WEFE श्रोत संग सम्बन्धित नीतिगत तथा कानूनी ढाँचाहरूको पहिचान गरी दोहोरोपन र विरोधाभासपूर्ण प्राबधान हटाउने।

x. सरोकारवालाबीच उत्पन्न हुने विवाद रोकथाम तथा समाधानका लागि एक छुट्टै संयन्त्रको स्थापना गर्ने।

xi. सूचना तथा ज्ञान आदान-प्रदानका लागि डिजिटल प्लेटफर्म तथा माध्यमहरूको भरपुर उपयोग गर्ने।

xii. WEFE श्रोत व्यवस्थापनका लागि नेक्सस अवधारणाको उपादेयता (added value) बारे हरेक तह र तप्काका नेतृत्व वर्गलाई संवेदनशील बनाउँदै जोखिम र चुनौतीहरू संग लडन सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने।

xiii. अन्तर-पालिका तथा WEFE सेक्टरहरूको प्रतिनिधित्व भएको बहु-सरोकारवालाहरूको सहकार्यमा WEFE नेक्सस अवधारणाको परीक्षण (piloting) तथा विस्तारका लागि साझा बजेट जुटाउने तथा कार्यक्रम कार्यन्वयन गर्ने । यो पुस्तिकामा WEFE नेक्ससको परीक्षण (piloting) कार्यान्वयनमा जोड दिएता पनि WEFE नेक्ससको केवल परीक्षण गर्नु मात्र पर्याप्त हुँदैन । परीक्षण सम्पन्न भएपछि त्यसबाट प्राप्त सफल अभ्यासहरू, सिकाइ र समाधानहरूलाई व्यापक रूपमा विस्तार (scaling up) गर्नु अत्यावश्यक हुन्छ । त्यसैले, गाँउ/नगरपालिकाहरूको ध्यान पाइलट पछि के गर्ने, कहा कहा कसरि बिस्तार गर्ने भन्ने प्रश्नमा केन्द्रित हुनुपर्छ । यो बिषयलाई बहुसरोकारवाला मंचमा छलफल गर्नु पर्दछ । परीक्षण परीक्षणको काममा मात्र सीमित नरही WEFE नेक्ससका सफल समाधानहरू चाहे ती नीतिगत सुधार, एकीकृत योजना तर्जुमा पद्धति, लगानी ढाँचा वा क्षमता विकाससँग सम्बन्धित सबै बिषयहरू सामूहिक प्रयास र सहकार्यको माध्यमबाट सबै तह र क्षेत्रमा विस्तार गर्नु पर्दछ । यस प्रक्रियामा, नेक्सस समाधानहरू सम्बन्धी नीति, कानुन, कार्यक्रम र परियोजनाहरूमा WEFE नेक्सस संस्थागत (institutionalize) हुनुपर्ने हुन्छ । यसका लागि स्थानीय सरकारहरूको नेतृत्वदायी भूमिका पाइलट चरणमा मात्र होइन, सफल अभ्यासहरूको विस्तार (scaling up) र दीगो कार्यान्वयनका सबै चरणहरूमा अत्यन्त महत्वपूर्ण हुन्छ ।

अतः "परिक्षण" (piloting) बाट "विस्तार (scaling)" तर्फ जान WEFE नेक्सस समाधानका अवधारणाहरूलाई प्रणालीगत रूपमा अपनाई, नीति, कानुन र कार्यक्रम सबै तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु पर्दछ ।

xiv. सार्वजनिक-निजी-समुदाय साझेदारी (PPCP) प्रवर्द्धन गर्न साझा श्रोत जुटाउने र सहभागीमुलक ढंगले जिम्मेवारी तोक्ने ।

WEFE नेक्सस दृष्टिकोण अपनाई विभिन्न सेक्टरहरूबीचको अन्तरसम्बन्धलाई समेटन सार्वजनिक, निजी तथा समुदायबीचको साझेदारी र सहकार्यकोलागि PPCP मोडलले एक सशक्त आधार प्रदान गर्दछ । जल, ऊर्जा, खाद्य र पारिस्थितिकीय प्रणालीहरू एक आपसमा गहिरो किसिमले जोडिएका हुने भएकाले यी क्षेत्रहरूमा एकल संस्थाको प्रयास मात्र पर्याप्त हुँदैन; यसकालागी बहु-पक्षीय सहकार्य अनिवार्य हुन्छ ।

यस मोडलले WEFE नेक्ससकै अवधारणा अनुरूप साझा स्रोत परिचालन (resource pooling) लाई प्रोत्साहन गर्दछ, जसअन्तर्गत स्थानीय सरकार, निजी क्षेत्र, सहकारी संस्था, तथा समुदायस्तरका समूहहरूले आफ्नो-आफ्नो क्षमता, ज्ञान, प्रविधि र वित्तीय स्रोतहरू एकीकृत रूपमा प्रयोग गर्न सक्दछन् । उदाहरणका लागि, जल सुरक्षा अभिवृद्धिका लागि गरिने लगानीले ऊर्जा उत्पादन, कृषि उत्पादनशीलता र वाताबरण संरक्षणमा समेत सकारात्मक प्रभाव पार्ने भएकाले यो मोडलमा विभिन्न सरोकारवालाहरूले सह-लगानी (co–investment) गर्न सक्ने आधार तयार हुन्छ ।

त्यसैगरी, नेक्सस अवधारणाले सहभागीमूलक योजना तर्जुमा र कार्यान्वयनलाई जोड दिँदै स्पष्ट जिम्मेवारीहरूको बाँडफाँट (role clarity) सुनिश्चित गर्न मद्दत गर्दछ । स्थानीय सरकारले समन्वयकर्ता तथा सक्षम वातावरण निर्माण गर्ने भूमिका खेल्न सक्दछन भने निजी क्षेत्रहरूले नवप्रवर्तन (innovation), प्रविधि र लगानी गर्ने वातावरण पाउँदछन । समुदायले स्थानीय ज्ञान, स्रोत व्यवस्थापन र कार्यान्वयनमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्दछन् । यस प्रकारको जिम्मेवारीको स्पष्टता, सहकार्य र पारदर्शिताले साझेदारीलाई दीगो र परिणाममुखी बनाउँदछ ।

अझ महत्वपूर्ण कुरा त यो छ कि WEFE नेक्ससले साझेदारी र सहकार्यलाई केवल परियोजना-आधारित अभ्यासमा मात्र सीमित नराखी नीति, योजना र कार्यक्रम स्तरमै संस्थागत गर्न सहयोग पुऱ्याउँदछ । यसले PPCP मोडेललाई दीर्घकालीन रूपमा विस्तार (scaling up) गर्न सफल अभ्यासहरूको पुनरावृत्ति गर्न, र विभिन्न तहका सरकारहरूबीच समन्वय सुदृढ गर्न मद्दत पुर्याउँदछ । यसरी हेर्दा WEFE नेक्सस अवधारणाले सार्वजनिक-निजी-समुदाय साझेदारी र सहकार्यलाई सुदृढ बनाउँन महत्वपूर्ण भूमिका खेल्दछ ।

यी चौध पक्षहरू समेटिएको खण्डमा सेक्टर, तह र सरोकारवालाहरूबीच WEFE नेक्ससको लागि प्रणालीगत एकीकरण शुरू हुन्छ । यसले कार्यको दोहोरापन घटाई दक्षता, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्दछ, जसबाट WEFE श्रोतहरूको दिगो व्यवस्थापन जलवायु उत्तरदायी र समावेशी ढंगले गर्न सकिन्छ ।

यो बिषयलाई अझ बृस्तित रूपमा बुझ्न सजिलो होस् भन्नकालागि अनुसूची १ मा थप सामाग्री प्रस्तुत गरीएको छ जसमा WEFE नेक्ससको शासकीय स्वरूप र कार्यान्वयनमा ध्यान दिनु पर्ने १४ प्रमुख पक्षहरूलाई समेटिएको छ ।

## सूत्र पन्द्रः स्थलचर र जलचरका जीवन कल्याण हुने क्रियाकलापहरू

कार्यः पारिस्थितिक प्रणालीको अखण्डता, जैविक विविधता संरक्षण र दिगो भूमि तथा जल व्यवस्थापन प्रवर्द्धनका लागि SDG १४ र १५ लाई मार्गदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्ने ।

परस्पर सम्बन्धित WEFE श्रोतहरूको व्यवस्थापन गर्दा SDG १४ (जलचरको जीवन संरक्षण तथा दिगो उपयोग प्रवर्द्धन गर्ने लक्ष) तथा SDG १५ (मानव जीवन सहितको स्थलचरको जीवनको कल्याण हुने क्रियाकलाप) लाई मूल मन्त्रका रूपमा लिनु पर्दछ । नेपालमा स्थानीय तहमा SDG १५ हासिल गर्न जल सुरक्षा लगाएत प्राकृतिक श्रोतको संरक्षण, व्यवस्थापन र दिगो उपयोगबीच सन्तुलन कायम गर्नु पर्दछ । समुदायमा आधारित, निजी र सरकारी सबै खाले श्रोत व्यवस्थापन पद्धतिको विकास गर्दै स्थानीय समुदाय, आदिवासी, जनजाति र पछाडी पारिएका वर्गहरूलाई श्रोतहरूको व्यवस्थापनमा सहभागी बनाउदै सन्तुलित रूपमा पारिस्थितिकीय प्रणाली-आधारित दृष्टिकोण अपनाउनु आवश्यक हुन्छ, जसले गर्दा गाँउ/नगरपालिकाहरूले निम्न उपायमार्फत यस लक्ष्यलाई अघि बढाउन सक्दछन ।

स्थानीय समुदाय तथा आदिवासी जनजातिलाई सशक्त बनाउँदै दिगो वन तथा भूमि व्यवस्थापन प्रवर्द्धन गर्ने; स्थानीय कानूनी संरचना संघीय तथा प्रादेशिक कानूनसँग समन्वय गर्दै विकास गर्ने; प्राकृतिक पुनर्जनन (natural regeneration), वृक्षारोपण तथा पुनरोपण कार्यक्रम मार्फत (विशेषगरी स्थानीय प्रजाति प्रयोग गरी) भू-क्षय तथा मरूभूमीकरण नियन्त्रण गर्ने ।

- संवेदनशील वासंस्थान तथा जैविक विविधताको लागि सम्बेदनशील ठाउंको (hot spot) संरक्षणका लागि स्थानीय नीति र कानूनी ढाँचा कार्यान्वयन गर्ने तथा परम्परागत तथा स्थानीय ज्ञानलाई व्यवस्थापन अभ्यासमा समावेश गर्ने ।
- कृषि-वन प्रणाली (Agroforestry), दिगो गैर-काष्ठ वन पैदावार (NTFPs) तथा पर्या-पर्यटन (eco–tourism) जस्ता वातावरण-आधारित जीविकोपार्जनलाई आर्थिक प्रोत्साहन प्रदान गर्दै प्रवर्द्धन गर्ने ।
- मानव-वन्य जन्तु द्वन्द्व न्यूनीकरणका लागि स्थानीय सन्दर्भ अनुकूल व्यवस्थापन रणनीति लागू गर्ने तथा वैकल्पिक जीविकोपार्जनलाई सहयोग गर्ने ।

माथि सूत्र १३ मा उल्लेखित महिलाहरू, आदिवासी समुदाय तथा अन्य सीमान्तकृत समुदायहरूको सशक्तीकरणले संरक्षण प्रयासलाई समावेशी र न्यायपूर्ण बनाउँछ । सचेतना अभिवृद्धि, क्षमता विकास तथा गैर-सरकारी संस्था, शैक्षिक संस्था र निजी क्षेत्रसँगको साझेदारीले स्थानीय पहलहरूको प्रभावकारिता बढाउँछ ।

SDG १४ र १५ लाई WEFE योजनामा एकीकृत गर्दा प्राकृतिक र सामाजिक दुवै प्रणाली सुदृढ हुन्छ । जैविक विविधता संरक्षण हुन्छ र मानव गतिविधिहरू प्राकृतिक सन्तुलन अनुकूल बन्छन् । यसले संरक्षण र दिगो विकासका उद्देश्यहरूलाई सँगसँगै अघि बढाउने आधार तयार गर्दछ ।

## सूत्र सोह्रः शान्ति, न्याय र सबल संस्थाहरूको क्षमता विकास

कार्यः WEFE नेक्सस अवधारणाको प्रभावकारी कार्यन्वयनको लागि शान्ति, न्याय र सबल संस्थाहरूको क्षमताको विकास गर्दै सुशासन, जवाफदेहिता र सामाजिक सद्भाव निर्माणका लागि SDG १६ लाई मूल आधारका रूपमा ग्रहण गर्ने ।

शान्ति, न्याय र सबल संस्थाहरूको क्षमता विकास गर्ने उदेश्य राखेको SDG १६ लाई WEFE श्रोत व्यवस्थापनको प्रमुख मन्त्रका रूपमा लिनु पर्दछ । यी श्रोतहरूको दिगो व्यवस्थापनका लागि सबै तह र सेक्टरमा सबल तथा उत्तरदायी संस्थाहरू अपरिहार्य हुन्छन् । त्यस्ता संस्थाहरू र तिनको पारस्परिक सम्बन्ध नै WEFE नेक्सस अवधारणाको प्रभावकारी कार्यन्वयनको लागि सामाजिक पूँजी हो ।

स्थानीय तहमा SDG १६ प्राप्त गर्न समावेशी, उत्तरदायी र सहभागितामूलक सुशासन प्रणालीको विकास गर्न आवश्यक छ । १२ 'ज' ले दिने वस्तु वा सेवा प्रवाहमा पछाडि पारिएका वञ्चित तथा सीमान्तकृत समूहहरूको सशक्तीकरण गर्दै र नेतृत्वमा समेत उनीहरूको प्रतिनिधित्व गराई श्रोतमा समतामूलक पहुँच सुनिश्चित गर्दै दिगो श्रोत व्यवस्थापन गर्नु सबल संस्थाहरूको मुख्य भूमिका हुनु पर्दछ ।

स्थानीय सरकारले सूत्र ११ मा उल्लिखित सबै सरोकारवालाहरू तथा सूत्र १३ मा उल्लेखित महिला, युवा र सीमान्तकृत समूहहरूलाई समेट्दै सहभागितामूलक योजना तथा निर्णय प्रक्रियामार्फत पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु पर्दछ ।

सूत्र ९ मा उल्लेख भए अनुसार WEFE श्रोतमाथि सरकार, नागरीक, समुदाय, निजी क्षेत्रको संवैधानिक तथा कानूनी अधिकार स्पष्ट पारि सामाजिक पूँजीको रूपमा रहेका सामुदायिक संस्थाहरूलाई श्रोत व्यवस्थापनको लागि सशक्त बनाउनु आवश्यक छ । सरकार, नागरीक, समुदाय, निजी क्षेत्रको भूमिका बारे विवाद भएमा त्यसको समाधानका लागि स्थानीय तहले मेलमिलाप केन्द्र जस्ता संयन्त्र सुदृढ गरी न्यायमा पहुँच र विवादको शान्तिपूर्ण समाधान सुनिश्चित गर्न सक्दछन ।

साथै, गाउँ/नगरपालिकाका पदाधिकारी, सामुदायिक नेतृत्व, नागरीक समाज तथा उद्यमीहरूका लागि उपयुक्त क्षमता विकास कार्यक्रम सञ्चालन गर्नु पर्दछ । भ्रष्टाचार नियन्त्रण, कानूनी शासनको अनुभूति तथा डिजिटल प्रविधिको प्रयोगले WEFE सेक्टरहरुको संस्थागत विश्वसनीयता सुदृढ पार्न सक्दछ ।

## सूत्र सत्रः सहकार्य, साझेदारी, अनुगमन, मूल्याङ्कन, जवाफदेहिता, सिकाइ (MEAL) तथा प्रतिवेदनको व्यवस्था

कार्यः WEFE नेक्सस अवधारणाले SDGs प्राप्तिमा पुऱ्याएको तथ्य प्रमाणमा आधारित योगदानको अभिलेखीकरण गर्न अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाइ (MEAL) तथा चुस्त प्रतिवेदन प्रणाली स्थापना गर्ने ।

WEFE नेक्सस अवधारणाले १७ वटै SDGs, विशेषगरी SDG २, ५, ६, ७, १०, १३, १५ र १७ मा पुऱ्याउने योगदानको अभिलेखीकरण गर्न सुदृढ साझेदारी र MEAL प्रणाली आवश्यक छ ।

स्थानीय सरकारले प्रदेश तथा संघीय सरकार, विभिन्न निकाय, समुदाय र निजी क्षेत्रसँग सहकार्य गरी साझेदारी निर्माण, अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाइ अभिलेखीकरण सम्बन्धि निम्न कार्यहरू गर्नु पर्दछ ।

- WEFE नेक्सस्का सूचकहरू वार्षिक योजना तथा बजेटमा समावेश गर्दै क्षेत्रगत प्रगति ट्र्याक गर्न सक्ने सवल र सुदृढ MEAL तथा प्रतिवेदन प्रणाली विकास गर्ने ।
- जल जलश्रोत, ऊर्जा, कृषि, वन, भूमि, जलवायु र वातावरण बीचको अन्तरसम्बन्ध तथा तिनको SDGs मा हुने योगदानको अनुगमन तथा मुल्यांकन गर्ने ।
- बहु-विषयगत अध्ययनमार्फत WEFE श्रोतहरूको एकीकृत व्यवस्थापनले समृद्धि, गरीबी न्यूनीकरण, लैङ्गिक समानता, श्रोतमा समान पहुँच, समतामुलक लाभांश, जलवायु उत्थनशीलतामा (resilience), हैसियत बिग्रेका परिस्थितिकिया प्रणालीको पुनर्स्थापनामा पुऱ्याएको योगदान उजागर गर्ने ।

- तिनै तहका सरकार, जल तथा प्राकृतिक स्रोत ब्यबस्थापन क्षेत्रका अनुसन्धान/शैक्षिक संस्था, गैर-सरकारी संस्था र निजी क्षेत्र, अन्तरास्ट्रिय साझेदार संघ संस्थासँग साझेदारी गरी WEFE कार्यान्वयन बारेका अनुसन्धान परियोजनाहरू सञ्चालन गर्ने ।
- सफल र असल अभ्यास तथा उत्कृष्ट उदाहरणहरूको दस्तावेजीकरण गरी विस्तार योग्य मोडेल विकास गर्ने ।
- तथ्याङ्क, साझेदारी/सहकार्य प्लेटफर्म, नवप्रवर्तन केन्द्र र सहभागितामूलक अनुगमन प्रणालीको विकास गर्ने ।
- प्राकृतिक श्रोतको व्यवस्थापनमा WEFE नेक्सस अवधारणाले पुर्याएको थप योगदान (added value) को आकलन र नापंन गर्न चुस्त अनुगमन, मूल्याङ्कन, जवाफदेहिता र सिकाइ (MEAL) प्रणालीको विकास जरूरी छ। यस्तो प्रणालीले WEFE को शासकीय स्वरूपमा थप उत्तरदायित्व र जवाफदेहिता सुनिश्चित गर्नुका साथै निरन्तर सुधारका लागि अवसर प्रदान गर्दछ ।

# निष्कर्ष

GESI उत्तरदायी WEFE नेक्सस अवधारणा सम्बन्धि श्रोत पुस्तिका नेपालको प्राकृतिक श्रोतको शासकीय पद्धति सुधार्नको लागि थालिएको एक महत्वपूर्ण कदम हो । WEFE नेक्सस अवधारणा बुझ्न केहि जटिल भएपनि यो एकीकृत, समावेशी र तथ्य प्रमाणमा आधारित छ । शुरू शुरूमा यो अवधारणाको ब्यबहारिक कार्यान्वयन स्थानीय सरकार, योजनाकार, सहजकर्ता र समुदायहरूले गर्न सकुन भन्ने हेतुले यो पुस्तिकामा १२ 'ज', १७ 'सूत्र' लाई नेपाल सन्दर्भ सुहाउदो ढाँचामा प्रस्तुत गरी स्थानीयकरण गर्ने सिलसिलामा नेपालीकरण गरीएको हो ।

प्रत्येक सूत्रले WEFE श्रोतको दिगो व्यवस्थापनको लागि सुशासनका सर्वमान्य सिद्धान्तहरू जस्तै समन्वय, समावेशिता, सुशासन, सामाजिक न्याय र बहु-सरोकारवाला सहकार्यलाई प्रवर्द्धन गर्ने कुराको वकालत गर्दछ । विशेष रूपमा, यस पुस्तिकाले GESI लाई नेक्सस ढाँचाको केन्द्रमा राख्दै प्राकृतिक श्रोतमा महिला, आदिवासी जनजाति समुदाय तथा अन्य सीमान्तकृत समूहहरूको पहुँच, समान सहभागिता र लाभको न्यायपूर्ण वितरण प्रणालीलाई दिगो उपलब्धिको रूपमा स्थापित गरेको छ ।

विभिन्न प्रकारका खाका, चित्र, चेकलिस्ट, योजना तर्जुमा तथा अनुगमन गर्ने तरिकाहरू, व्यवहारिक उदाहरणहरू र अनुसुचिहरूको प्रस्तुतिले प्रयोगकर्ताहरूलाई WEFE नेक्सस अवधारणाको कार्यान्वयन गर्न ज्ञान प्रदान गरेको छ । आगामी चरणमा WEFE नेक्सस अवधारणाको सफल कार्यान्वयनका लागि निरन्तर क्षमता विकास, नीतिगत समन्वय र बहु-सरोकारवाला साझेदारी जस्ता बिषयहरू आवश्यक हुनेछन ।

# भाग तीनः अनुसूचीहरू

यो भागमा तीन अनुसूचीहरू राखिएका छन् ।

पहिलो अनुसूचीमा WEFE नेक्ससको शासकीय स्वरूप र यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने १४ प्रमुख पक्षहरूको व्याख्या गरीएको छ । तथ्यमा आधारित नीति निर्माण, अन्तर-बिषयगत तथा विभिन्न तहगत समन्वय, र एकीकृत योजना तथा कानूनी ढाँचाको विकास आवश्यक हुन्छ । यसका लागि सरकारी, निजी र गैर-सरकारी संस्थाबीच सहकार्य, GESI सम्बेदनशील तथ्याङ्कको एकीकृत संश्लेषण र अन्तर-संस्थागत समन्वय संयन्त्र स्थापना गर्नु पर्दछ । साथै WEFE प्रणालीमा काम गर्ने निकायहरूको बहु-सरोकारवाला मञ्च, क्षमता अभिवृद्धि तथा जनचेतना कार्यक्रमहरू सञ्चालन गर्दै जलवायु संग सम्बन्धित कार्य र दिगो विकास लक्ष्य प्राप्तिका लागि गरीएका विद्यमान पहलहरूलाई प्रवेश बिन्दुका रूपमा उपयोग गर्नु पर्दछ । WEFE नेक्सस अवधारणालाई व्यवहारमा लागू गर्न साझा श्रोत, वित्तीय संयन्त्र, पाइलट परियोजना, पाइलट परियोजनाको प्रभावकारिता र सिकाईको आधारमा WEFE अभ्यासलाई स्केलिङ (scaling) तथा छुट्टै बजेट र जनशक्तिको व्यवस्था गरीनु अत्यावश्यक हुन्छ ।

दोस्रो अनुसूचीमा WEFE नेक्ससमा GESI अवधारणाको मुलप्रवाहीकरण अभियानलाई कसरी प्रभावकारी बनाउने भन्ने बिषयको व्याख्या गरीएको छ । यो बाहेक सूत्र ३, ६, १२ र १३ मा समेत GESI को मुलप्रवाहीकरणको भूमिकालाई जोड दिइएको छ । जसले समग्र, सहभागितामूलक र GESI उत्तरदायी WEFE को शासकीय स्वरूप समेतलाई मार्गदर्शन गर्दछ ।

तेस्रो अनुसूची मा GESI-उत्तरदायी WEFE नेक्सस लगफ्रेमको खाका प्रस्तुत गरीएको छ । यी अनुसूचीहरूमा राखिएका श्रोत सामाग्रिहरूले WEFE श्रोतको दिगो व्यवस्थापनलाई समावेशी र न्यायपूर्ण बनाउने व्यवहारिक खाका दिने छन् ।

# अनुसूची एक: WEFE नेक्ससको शासकीय स्वरूप र यसको कार्यान्वयनमा ध्यान दिनु पर्ने प्रमुख पक्षहरू

WEFE नेक्सस अवधारणाले श्रोतहरूको व्यवस्थापनमा समग्र र एकीकृत दृष्टिकोणलाई जोड दिन्छ । जसले विभिन्न सेक्टरहरूबीच सहकार्य, समन्वय र दिगोपनाको सुनिश्चितता गर्दछ । अनुसन्धान तथा तथ्यमा आधारित नीतिनिर्माणमा यो अवधारणाले WEFE सेक्टरका नीतिहरूबीच समन्वय, एकीकृत योजना तथा विरोधाभासपूर्ण कानूनी व्यवस्थाहरूको निराकरणलाई प्राथमिकता दिन्छ । साथै, जलवायु परिवर्तनजस्ता विश्वव्यापी चुनौतीहरूको सामना गर्न र दिगो विकास लक्ष्य हासिल गर्न नेक्सस अवधारणाले सहयोग पुर्याउन सक्दछ । यो अवधारणाले सेक्टरहरू बीच तथ्याङ्क एकीकरण, अन्तर-संस्थागत समन्वय, सहकार्य तथा सुदृढ नियमक संरचना मार्फत नीतिगत कार्यदक्षता सुनिश्चित गर्दछ ।

सरोकारवालाको सक्रिय सहभागिता, एउटा श्रोतको व्यवस्थापन योजना लागु गर्दा अर्को श्रोतलाई हुने हानिको (trade–off) न्यूनीकरण, खुला संवादका लागि बहु-सरोकारवाला मञ्चको स्थापना तथा सरकार, समुदायका सीमान्तकृत समूह, आदिवासी जनजाति, दलित तथा अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैको क्षमता विकास पनि यसका प्राथमिकताका बिषयहरू हुन् । यो अवधारणाले सेक्टरहरूका छुट्टा छुट्टै बजेट, कार्यक्रम तथा कार्यालयहरू भएतापनि साझा श्रोत र कार्यालयहरूको प्रयोगमार्फत सहकार्य र लागतलाई प्रभावकारी बनाउन सकिन्छ भन्ने मान्यता राख्दछ । यस्ता साझा कार्यक्रमकालागि विशेष बजेट, नमुना (पाइलट) परियोजनाहरूको विकास, नवप्रवर्तन कार्यक्रम तथा सफल अभ्यासहरूको अन्य क्षेत्रमा विस्तार गर्ने कार्यक्रमहरू लागु गर्नु पर्दछ ।

WEFE नेक्ससको शासकीय स्वरूपको अर्को महत्वपूर्ण पक्ष भनेको डिजिटल प्रविधि लगायत सूत्र ६ मा उल्लेख भएका बहु-आयामिक समाधानका उपायहरूको खोजि र मजबुत MEAL प्रणालीको विकास गर्नु हो । WEFE सेक्टरका तत्कालीन चुनौतीहरू समाधान गर्नुका साथै दीर्घकालीन दिगोपनाका लागि सेक्टर सेक्टर बिचको सहकार्यको महत्त्वबारे जनचेतना अभिवृद्धि गर्न मद्धत पुगोस ।

WEFE नेक्ससको शासकीय स्वरूपमा ध्यान दिनु पर्ने १४ प्रमुख पक्षहरूको संक्षिप्त विवरण तल उल्लेख गरीएको छ (बक्स ३ हेर्नु होस्) ।

**बक्स ३:** WEFE नेक्ससको शासकीय स्वरूप र कार्यान्वयनमा ध्यान दिनु पर्ने प्रमुख पक्षहरू

१. तथ्य प्रमाणमा आधारित WEFE नेक्सस सम्बन्धि नीति तथा कार्यक्रम निर्माण

२. WEFE नेक्सस अवधारणा कार्यान्वनका लागि अन्तर-सेक्टर तथा अन्तर-गाउँ/नगरपालिका स्तरको सरकारी, गैर-सरकारी र निजी क्षेत्रको साझा नीति र योजनाहरू

३. WEFE नेक्सस अवधारणा प्रयोग गरी जलश्रोत, ऊर्जा, खाद्य तथा पारिस्थितिकीय प्रणाली का लागि एकीकृत (integrated), सुसंगत (coherence) तथा समन्वित (harmonized) योजना प्रणालीको विकास

४. WEFE नेक्सस अवधारणा प्रयोग गरी सेक्टर तथा सरकारका विभिन्न तहहरूबीच समन्वय, सहकार्य र सामञ्जस्यताको सस्कृतिको विकास

५. WEFE नेक्सस अवधारणा प्रयोग गरी WEFE सेक्टरहरू बीच समन्वित (harmonized) र सुसंगत (coherence) कानुनी तथा नीतिगत रूपरेखा तथा एकीकृत कानूनी ढाँचा

६. विद्यमान कार्यक्रमहरूलाई प्रवेश बिन्दु (जस्तैः जलवायु कार्य तथा दिगो विकास लक्ष्यहरू) बनाउदै WEFE नेक्सस अवधारणाको कार्यान्वयन

७. GESI सम्बेदनशील WEFE नेक्सस सम्बन्धि ज्ञान, तथ्याङ्क, जानकारीको सस्लेषण र बिस्तार गर्ने संयन्त्र

८. GESI सम्बेदनशील WEFE नेक्सस प्रबर्धन गर्न अन्तर-संस्थागत समन्वय डेस्का सम्पर्क बिन्दुको स्थापना र संचालन

९. GESI सम्बेदनशील WEFE नेक्सस प्रबर्धन गर्न बहु-सरोकारवाला मञ्चको स्थापना र सञ्चालन

१०. GESI सम्बेदनशील WEFE नेक्सस अवधारणा र यसको कार्यान्वन बारे क्षमता अभिवृद्धि कार्यक्रमहरूको निरन्तरता

११. GESI सम्बेदनशील WEFE नेक्सस अवधारणा र यसको कार्यान्वन बारे जनचेतना अभिवृद्धि अभियानको सञ्चालन

१२. GESI सम्बेदनशील WEFE नेक्सस अवधारणा र यसको कार्यान्वनका लागि साझा कार्यालयको स्थापना, बजेट तथा कार्यक्रमको बिकास

१३. GESI सम्बेदनशील WEFE नेक्सस अवधारणा र यसको कार्यान्वनको लागि आवश्यक परियोजनाको लागि दाता र वित्तीय संयन्त्रहरूको प्रवर्द्धन

१४. GESI सम्बेदनशील WEFE नेक्सस अवधारणा र यसको कार्यान्वनका लागि पाइलट परियोजना निर्माण (design), योजना तर्जुमा, बजेट र जनशक्तिको व्यवस्था

WEFE नेक्ससको शासकीय स्वरूप र कार्यान्वयनमा ध्यान दिनु पर्ने माथि उल्लेखित प्रमुख पक्षहरूको थप व्याख्या तल गरिएको छ ।

i) तथ्य प्रमाणमा आधारित नीति, कानून तथा कार्यक्रम निर्माण

तथ्य प्रमाणमा आधारित नीतिनिर्माणले जलश्रोत, ऊर्जा, खाद्य तथा पारीस्थितिकीय प्रणाली बीचको अन्तरनिर्भरतालाई सम्बोधन गर्न बहुविषयगत तथ्याङ्क र अनुसन्धानमा आधारित निर्णय सुनिश्चित गर्दछ । यसमा तथ्याङ्क सङ्कलन, पूर्वानुमान मोडेलिङ तथा परिदृश्य योजना जस्ता बिधि (tools) प्रयोग गरी क्षेत्रगत लाभ-हानि (trade–offs) र सह-लाभ (synergies) मूल्याङ्कन गर्न सकिन्छ । वैज्ञानिक अनुसन्धानसँगै स्थानीय सरोकारवालाहरूको अनुभव तथा परम्परागत ज्ञानलाई पनि समेटी नीति, कानून र योजनाहरूलाई समय सान्दर्भिक, न्यायपूर्ण र ब्यबहारिक बनाउन सकिन्छ । निरन्तर अनुगमन, मूल्याङ्कन तथा पारदर्शी निर्णय प्रक्रियाले नीति तथा कार्याक्रममा आवश्यक सुधार सम्भव बनाउँछ । यसले सेक्टर सेक्टरका नीतिहरूलाई समन्वयित (harmonized), सुसंगत (coherence) र एकीकृत (integrated) गरि द्वन्द् समेत न्यून गर्न सक्दछ र WEFE नेक्सस अवधारणाले SDGs प्राप्तिमा थप योगदान पुऱ्याउँदछ ।

ii) अन्तर-सेक्टर तथा अन्तर-पालिका नीतिहरू

WEFE नेक्सस अवधारणाको प्रयोगले सेक्टरहरू बीचको अन्तरनिर्भरतालाई स्पष्ट रूपमा स्वीकार गर्दै अन्तर-पालिका समन्वयलाई समेट्दै नीतिहरू विकास गर्न मद्धत पुर्याउछ । यसले जलश्रोत, ऊर्जा, कृषि तथा वातावरण प्रणाली व्यवस्थापन बीचको सहकार्य सहज बनाउने ढाँचा तयार गर्दछ ।

iii) एकीकृत (integrated), सुसंगत (coherence) तथा समन्वित (harmonized) योजना

WEFE नेक्सस अवधारणाको प्रयोगले सबै सेक्टरहरूको आवश्यकता र प्रभावलाई ध्यानमा राखी श्रोतहरूको एकीकृत (integrated), सुसंगत (coherence) तथा समत (harmonized) व्यवस्थापन योजना कार्यान्वयन गर्न मद्धत गर्दछ । उदाहरणका लागि, जलश्रोत व्यवस्थापन नीति ऊर्जा उत्पादन तथा कृषि र वन निती सँग समन्वित (harmonized) र सुसंगत (coherence) हुनुपर्छ जसले गर्दा सेक्टर सेक्टर बिचको द्वन्द् र असमझदारि टार्न सकियोस् ।

iv) क्षेत्रगत नीतिहरूबीच सामञ्जस्य

WEFE नेक्सस अवधारणाको प्रयोगले नियम तथा कानूनी संरचनाहरू WEFE सेक्टरका आ-आफ्ना कानूनसँग विरोधाभास नरहने गरी सामञ्जस्यपूर्ण ढंगले कानून बनाउन मद्धत पुर्याउछ । उदाहरणकालागि नवीकरणीय ऊर्जाको (जस्तै कयबिच) प्रोत्साहन हुने नीतिले जलश्रोतको प्रयोगमा मितब्ययिता (जस्तै थोपा-सिँचाइ) हुने कुरालाई लाई मद्धत दिन सक्दछ ।

v) एकीकृत (integrated) "समन्वित (harmonized) र सुसंगत (coherent)" दृष्टिकोणमा आधारित नियमक संयन्त्र तथा कानूनी ढाँचा

WEFE नेक्सस अवधारणाको प्रयोगले विभिन्न क्षेत्र र प्रशासनिक तहमा रहेका दोहोरो तथा विरोधाभासपूर्ण कानूनी व्यवस्थाहरूलाई एकीकृत र स्पष्ट बनाउन मद्धत गर्दछ । WEFE नेक्ससको शासकीय स्वरूपका मुख्य कानूनी र संरचनागत पक्षहरुमा अन्तर-सेक्टर संवाद, WEFE नेक्ससको सुक्ष्म विश्लेषण, बहु-सरोकारवाला मञ्चमार्फत साझा संरचना, एकीकृत तथ्याङ्क प्रणाली, क्षमता विकास, समावेशी सहभागिता, लचिलो कानूनी प्राबधान, पाइलट परीक्षण, वित्तीय तथा गैर-वित्तीय प्रोत्साहन योजना, WEFE नेक्ससको कार्यान्वयन संयन्त्र, तथा नियमित अनुगमन-मूल्याङ्कन समावेश हुन्छन ।

WEFE नेक्सस approach विगतमा अपनाइएको "एकीकृत अवधारणा (integrated appraoch) जस्तो मात्र होइन । नेक्सस अवधारणाले त्यो भन्दा अगाडि बढेर "समन्वित (harmonized) र सुसंगत (coherent)" दृष्टिकोणलाई समेत अंगीकार गर्दछ । परम्परागत एकीकृत दृष्टिकोण प्रायः विभिन्न क्षेत्रहरूलाई एउटै थलो र ढाँचामा ल्याउने सम्ममा सीमित हुन्थ्यो भने WEFE नेक्ससले ती क्षेत्रहरूबीचको अन्तरनिर्भरता, सम्भावित द्वन्द्व र हानि (trade–offs), र आपसी लाभ (synergy and co–benefits) बस्तुगत रूपमा भनौ समन्वयात्मक/ सहक्रियात्मक लाभ (synergy) र लाभ-हानि सन्तुलन सम्झौता (trade–offs) लाई मुख्य रूपमा ध्यानमा राख्दै वास्तविक सहकार्य (collaboration) र सह-समन्वय (cooperation) स्थापित गर्न खोज्दछ । यो केवल साझेदारी (partnership) अवधारणामा मात्र सीमित नरही जल, ऊर्जा, खाद्य र पारिस्थितिकी क्षेत्रका नीतिहरू, कानुनहरू, योजना तथा संस्थागत संरचनाहरूबीच स्पष्ट सुसंगतता (coherence) र तालमेल आवश्यक ठान्दछ । त्यसैले, WEFE नेक्सस प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि यी सबै क्षेत्रहरूलाई समेट्ने समन्वित (harmonized) र सुसंगत (coherence) कानुनी तथा नीतिगत रूपरेखा अपरिहार्य हुन्छ, जसले बहु-क्षेत्रीय सहकार्यलाई मजबुत बनाउँदै दिगो र समग्र विकास सुनिश्चित गरोस ।

vi) विद्यमान कार्यक्रमहरूलाई प्रवेश बिन्दुका रूपमा प्रयोग

नयाँ कार्यक्रम निर्माण गर्नुको सट्टा जलवायु उत्थान्शील कार्यान्वयन तथा क्म्क जस्ता विद्यमान बहु-सेक्टर समावेश हुनु पर्ने कार्यक्रमहरूलाई WEFE नेक्सस अवाधारणा कार्यान्वयनका प्रवेश बिन्दुका रूपमा प्रयोग गर्न सकिन्छ । यसले नेक्सस सोचको थप योगदानलाई (added value) व्यवहारिक रूपमा देखाउन मद्दत गर्दछ ।

vii) GESI-उत्तरदायी तथ्याङ्क र डाटाको एकीकरण

लैङ्गिक, जातीय, भौगोलिक आदि आधारमा विभाजित तथ्याङ्क सङ्कलन र बिश्लेषणले समाजमा बिध्यमान असमानता र संवेदनशीलता उजागर गर्दछ । तसर्थ WEFE नेक्सस अवधारणाको प्रयोगले मजबुत तथ्याङ्क प्रणाली स्थापना गरी सेक्टर बिच सूचना आदान-प्रदान गर्न सकिएमा यसले महिलाहरू, सीमान्तकृत समुदाय र अन्य कमजोर समूहहरूको आवश्यकतालाई प्राथमिकतामा राख्दै न्यायपूर्ण श्रोत व्यवस्थापन सुनिश्चित गर्न मद्धत गर्दछ ।

viii) अन्तर-संस्थागत समन्वय

WEFE नेक्सस अवधारणाको प्रयोगले सरकारी, गैर-सरकारी, निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूबीच समन्वय सुदृढ गर्न अन्तर-संस्थागत समिति वा कार्यदल गठन गर्न प्रेरित गर्दछ । साझा योजना, निर्णय तथा साझेदारीले दोहोरोपन घटाउँछ ।

ix) बहु-सरोकारवाला मञ्चको स्थापना र सञ्चालन

WEFE नेक्सस अवधारणाको प्रयोगले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा संयुक्त सिकाइका लागि बलियो बहु-सरोकारवाला मञ्च स्थापनाको महसुस गराउँछ । समावेशी सहभागिता, पारदर्शी प्रक्रिया, संयुक्त रूपमा समस्या समाधान, virtual /डिजिटल रूपमा हुने सहकार्य तथा क्षमता विकास कार्यक्रमले बहु-सरोकारवाला मञ्चलाई प्रभावकारी बनाउँन सक्दछ ।

x) क्षमता विकास कार्यक्रमको कार्यान्वनय र विस्तार

WEFE नेक्सस अवधारणाको प्रयोगले एकीकृत श्रोत व्यवस्थापन, तथ्याङ्क विश्लेषण तथा नीतिगत एकीकरण सम्बन्धी तालिमको आवश्यकताको बोध गराउँदछ । यसका लागि विभिन्न शैक्षिक तथा अनुसन्धान संस्था, अन्तर्राष्ट्रिय निकाय र प्राविधिक विशेषज्ञहरू सँग सहकार्य गर्दै ज्ञान आदान-प्रदान गर्न सकिन्छ ।

xi) जनचेतना अभिवृद्धि

WEFE नेक्सस अवधारणाको प्रयोगले WEFE क्षेत्रहरूको अन्तरसम्बन्ध बारे जनचेतना अभियान सञ्चालन गर्ने कुरामा जोड दिन्छ । मल्टिमिडिया, सामुदायिक कार्यक्रम तथा शैक्षिक पाठ्यक्रम मार्फत दीर्घकालीन रूपमा मानिसको व्यवहार परिवर्तनका लागि प्रोत्साहन गर्न सकिन्छ ।

xii) साझा रूपमा WEFE श्रोतहरूको एकीकृत पूर्वाधारको विकास गर्ने संस्कार

WEFE नेक्सस अवधारणाको प्रयोगले साझा रूपमा WEFE श्रोतहरूको एकीकृत पूर्वाधारको विकास गर्ने संस्कार बिकसित गर्न सकिन्छ । उदाहरणको लागि साझा जल भण्डारण, बहुउद्देश्यीय नवीकरणीय ऊर्जा संरचनाको निर्माण, एकीकृत भूमि उपयोग योजना जस्ता संयन्त्रहरूले योजनाहरूको लागत घटाउँछन् र वातावरणमा पर्ने नकारात्मक प्रभाव कम गर्दछन् । सार्वजनिक-निजी-सामुदायिक बिचको सहकार्य तथा प्रोत्साहन नीतिले यस्तो संस्कारको प्रवर्द्धन गर्न सकिन्छ ।

xiii) अन्तर-सेक्टर वित्तीय संयन्त्र

WEFE नेक्सस अवधारणाको प्रयोगले एकीकृत परियोजनालाई प्रोत्साहन गर्न अनुदान, सहुलियत, निजी सार्वजनिक साझेदारी - private - public - partnership (PPP) तथा हरित वित्तीय सहयोग जुटाउने बिधिको विकास गर्न र पारदर्शी वित्तीय संयन्त्र बिकसित गरी गरीब तथा सीमान्तकृत समुदायलाई प्राथमिकता दिँदै दिगो विकासलाई टेवा पुर्याउन मद्धत गर्दछ ।

xix) पाइलट परियोजनाहरूको तर्जुमा, कार्यान्वयन र बिस्तार

WEFE नेक्सस अवधारणाको प्रयोगले स्थानीय स्तरमा रहेका समस्या र चुनौतीहरूको पहिचान गर्दै, सरोकारवालाहरू बिचको सहकार्य मार्फत स्पष्ट उद्देश्य र मापन योग्य सूचक सहित पाइलट परियोजना तर्जुमा गर्न र सञ्चालन गर्न मद्धत गर्दछ । साथै यसले सफल नमुना परियोजनाहरूको विस्तार गर्न सजिलो बनाउंदछ ।

# अनुसूची दुईः WEFE नेक्ससमा GESI

सूत्र ५ मा पनि उल्लेख भै सके कै छ कि WEFE नेक्ससको अवधारणामा दिगो, सवल र न्यायपूर्ण रूपमा श्रोतको व्यवस्थापनका लागि GESI मूलप्रवाहीकरण एक अपरिहार्य बिषय हो । तलको तालिका ४ मा प्रस्तुत खाकामा GESI मूलप्रवाहीकरण कसरी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरीएको छ । जसमा GESI उत्तरदायि नेक्ससका कृयाकलापहरू, अपेक्षित परिणाम तथा सूचकहरू छन । यसको अलावा, यसमा लैंगिक असमानताको पहिचान, न्याय प्रवर्द्धन, GESI मूलप्रवाहीकरण, नेतृत्व क्षमता विकास, महिलाहरूको प्रतिनिधित्वको सुनिश्चितता तथा लाभको समान वितरण कसरी गर्ने भन्ने जस्ता बिषयहरू पनि समावेश गरीएका छन् । जसले गर्दा WEFE नेक्ससमा GESI मूलप्रवाहीकरण योजना ब्यबहारिक रूपमा सजिलै तर्जुमा गर्न सकियोस ।

**तालिका ४:** WEFE नेक्ससमा GESI उत्तरदायी पक्षहरू

| GESI उत्तरदायी पक्षहरू | विवरण | प्रमुख कार्यहरू | अपेक्षित परिणामहरू | सूचकहरू |
|---|---|---|---|---|
| सामाजिक असमानताको उजागर र यथार्थताको पहिचान | WEFE प्रणालीहरूमा महिला तथा सीमान्तकृत समूहहरूले भोग्नु परेका अवरोधहरूको पहिचान र समाधान गर्नु । | सहभागितामूलक लैङ्गिक तथा सामाजिक विश्लेषण गर्ने ।<br>शक्ति सम्बन्धको हिसाबले लिङ्ग, जात, जातीका आधारमा हुने विभेदको पहिचान गर्ने ।<br>एकै वर्ग भित्र पनि लैङ्गिक, जात, जाती, दुर्गम, उमेर आदिको हिसाबले हुने असमानताहरूको पृथक पृथक (disaggregated) डाटा संकलन गर्ने ।<br>श्रोतको पहुँचमा रहेका असमानताहरूको पहिचान गर्ने । | अन्तर-सम्बन्धित (intersectional) असमानताहरूको राम्रो बुझाइ ।<br>प्रमाणमा आधारित योजना तथा कार्यक्रमहरू । | WEFE क्षेत्रका परियोजनाहरूको प्रतिशत ।<br>लक्षित वर्गहरूको आवाजहरूको सुनुवाई ।<br>समावेशीकरणका सम्बन्धमा सरोकारवालाहरूको प्रतिक्रिया । |
| WEFE नेक्ससमा न्याय, समता र दिगोपनको प्रवर्द्धन | WEFE श्रोतहरूको पहुँच र अवसरहरूमा समतामुलक दृष्टिकोण सुनिश्चित गर्नु । | GESI-संवेदनशील नीति तथा कानूनि ढाँचाहरू बनाउने ।<br>सीमान्तकृत समूहहरूको संरक्षणका लागि सामाजिक सुरक्षात्मक उपायहरू सुदृढ गर्ने ।<br>समावेशी योजना संयन्त्रहरू प्रवर्द्धन गर्ने । | जलश्रोत, ऊर्जा, खाद्य तथा पारिस्थितिकीय सेवाहरूमा सीमान्तकृत समुदायहरूको पहुँच ।<br>श्रोतसम्बन्धी द्वन्द्वमा कमी । | स्वीकृत समावेशी नीतिहरूको संख्या ।<br>WEFE श्रोतको पहुँचमा बढ्दो समतामुलक दृष्टिकोण सुनिश्चित भएको अनुभव गरेको बताउने सरोकारवालाहरूको प्रतिशत । |
| सम्पूर्ण प्रक्रियामा GESI मुलप्रवाहीकरण | WEFE योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सबै चरणहरूमा GESI को मुलप्रवाहीकरण सुनिश्चित गर्नु । | अनुगमन ढाँचामा GESI सूचकहरू समावेश गर्ने ।<br>सरोकारवालाहरूलाई GESI तालिम प्रदान गर्ने । GESI परीक्षण (audit) कार्य सञ्चालन गर्ने । | WEFE शासन प्रणालीमा GESI को प्रणालीगत एकीकरण ।<br>GESI-संवेदनशील कार्यहरूमा बढ्दो जवाफदेहिता । | GESI समावेशी अनुगमन भएका WEFE पहलहरूको प्रतिशत ।<br>सञ्चालन गरीएका GESI परीक्षणहरूको विवरण । |
| सबै तहमा नेतृत्व क्षमता अभिवृद्धि र सहयोग | महिला तथा सीमान्तकृत समूहहरूको WEFE पहलहरूमा सहभागिता तथा नेतृत्वका लागि क्षमता विकास गर्नु । | नेतृत्व विकास कार्यक्रमहरू कार्यान्वयन गर्ने ।<br>अभिभावकत्व (mentorship) तथा ञ्जाल विस्तारका अवसरहरू उपलब्ध गराउने ।<br>सीमान्तकृत वर्गहरूको प्रतिनिधित्वका लागि कोटा व्यवस्था स्थापना गर्ने । | कम प्रतिनिधित्व भएका बन्चित समुदायहरूको निर्णय-क्षमता अभिवृद्धि ।<br>महिला तथा बन्चित समुदायहरूको सशक्त नेतृत्व । | WEFE परियोजनाहरूमा महिला/सीमान्तकृत वर्गको नेतृत्व तहमा प्रतिशत वृद्धि दर ।<br>सञ्चालन गरीएका क्षमता अभिवृद्धि कार्यक्रमहरूको संख्या । |
| महिला तथा बन्चित/ सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व | निर्णय प्रक्रियामा सबै समूहहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु । | सरोकारवाला बिचको परामर्श प्रक्रिया समावेशी र सहज बनाउने ।<br>लैङ्गिक-संवेदनशील सहजीकरण प्रविधिहरू प्रयोग गर्ने ।<br>बहु-सरोकारवाला मञ्चहरू स्थापना गर्ने । | WEFE शासनमा सबैको समाबेशि प्रतिनिधित्व ।<br>सबै तहमा समावेशी निर्णय प्रक्रिया । | निर्णय गरीने निकायहरूमा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व प्रतिशत ।<br>समावेशि प्रक्रिया बारे प्राप्त प्रतिक्रिया । |
| समतामूलक लाभ बाँडफाँट र लाभको न्यायोचित वितरण | WEFE नेक्सस कार्यक्रम बाट प्राप्त लाभहरू विभिन्न समुदायहरू बीच न्यायोचित रूपमा वितरण सुनिश्चित गर्नु । | सहभागितामूलक लाभ-बाँडफाँट संयन्त्रहरू प्रयोग गर्ने ।<br>लाभ वितरणमा संवेदनशील ।<br>जोखिममा रहेका समुदायहरूलाई प्राथमिकता दिने ।<br>वितरणको समता अनुगमन गर्ने । | सीमान्तकृत समूहहरूको जीवनयापनमा सुधार ।<br>श्रोत पहुँच तथा लाभमा रहेका असमानतामा कमी । | सीमान्तकृत समूदायहरूले प्राप्त गरेका लाभहरूको प्रतिशत ।<br>लाभ-बाँडफाँट संयन्त्रको लैंगिक सम्बेदनशिलता र निष्पक्षताबारे धारणा । |

# अनुसूची तीनः WEFE नेक्ससको तर्कसंगत खाका (Log frame)

तर्क संगत खाका (log frame) विकास परियोजनाका अल्पकालीन र दिर्घकालिन उदेश्यहरू निर्धारण गरी योजना तर्जुमा गर्ने तथा अनुगमन र मूल्याङ्कनका लागि चाहिने सूचकहरु तथा सम्भावित जोखिमहरुको आकलन गर्ने एउटा राम्रो बिधि वा उपकरण (tools) हो । यसले लक्ष्य, उद्देश्य, परिणाम, क्रियाकलाप र प्रभावलाई के कारण ले के कस्तो परिणाम ल्याउन सक्दछ भन्ने बिषयलाई तार्किक ढंगले प्रस्तुत गर्न मद्धत पुर्याउदछ ।

उदाहरणका लागि गाँउ/नगरपालिकाहरूको जलाधार योजनाहरुमा GESI उत्तरदायी WEFE नेक्सस अवधारणाबाट यिन frame बनाउदा श्रोतहरूको दिगो व्यवस्थापनमा सीमान्तकृत समूदायहरूको आवश्यकता र प्रतिनिधित्वको बिषयलाई प्राथमिकतामा राखिने हुदा यसमा दीर्घकालीन लक्ष्य, अल्पकालीन उद्देश्य, अपेक्षित परिणाम, तुरून्तै गर्नु पर्ने क्रियाकलापहरू, आवश्यक वित्तीय र मानबिय श्रोत, सफलता नाप्न सकिने सूचकहरु, सफलता प्रमाणीकरण गर्ने तरिका र उपायहरू, अनुगमन प्रणालीको बिषयहरु तार्किक रूपमा राख्नु पर्दछ । जसले गर्दा WEFE श्रोतको व्यवस्थापन दिगो, न्यायपूर्ण र प्रभाबकारी होस ।

तालिका ५ ले कुनै पनि WEFE नेक्सस कार्यक्रम वा परियोजनाको Logical Framework को संरचना (लक्ष्य, उद्देश्य, परिणाम, क्रियाकलाप, श्रोत, सूचक, प्रमाणीकरण गर्ने तरिका तथा सम्भावित जोखिमहरूको) खाका प्रस्तुत गर्दछ ।

**तालिका ५:** तर्क संगत खाका/रूपरेखा (Logical Framework Matrix)

| लक्षमा पुग्ने खुड्किलाहरू | सूचकहरू | सूचक प्रमाणीकरण गर्ने आधारहरू | सम्भावित जोखिमहरू |
|---|---|---|---|
| लक्ष्य<br>(के कस्तो प्रभाव देखिएला?) | परियोजनाले योगदान पुऱ्याउने व्यापक,दीर्घकालीन उद्देश्य । उदाहरणः GESI उत्तरदायी WEFE श्रोतको दिगो व्यवस्थापन हह जलाधार क्षेत्रमा गर्ने । | समग्र प्रभाव मापन गर्ने सूचकहरू । उदाहरणः पारिस्थितिकीय स्वास्थ्यमा % सुधार, बनको % मा वृद्धि, उर्जामा वृद्धि %, स्वच्छ खानेपानी को अभावमा कमी । | लक्ष्य प्राप्ति पुष्टि गर्ने तथ्याङ्क श्रोतहरू । उदाहरणः राष्ट्रिय तथ्याङ्क, रिमोट सेन्सिङ तथ्याङ्क तथा प्रतिवेदनहरू । |
| उद्देश्य<br>(के कति उपलब्धि हासिल होलान?) | परियोजनाका प्रतिफल (outputs) बाट उत्पन्न हुने तत्काल प्रभाव वा परिवर्तन । उदाहरणः समावेशी जलाधार शासन प्रणालीको स्थापना । | प्रत्यक्ष परिणाम मापन गर्ने सूचकहरू । उदाहरणः निर्णय प्रक्रियामा महिला/ सीमान्तकृत समूहहरूको प्रतिशत । | परिणाम प्राप्ति पुष्टि गर्ने श्रोतहरू । उदाहरणः नगरपालिका अभिलेख, बैठक, तथा सर्वेक्षणहरू । |
| प्रतिफलहरू<br>(के कति परिणाममा नतिजा प्राप्त हुन्छन्?) | परियोजना गतिविधिबाट उत्पादित विशिष्ट उपलब्धि वा परिणामहरू । उदाहरणः क्षमता अभिवृद्धि कार्यक्रमहरू तथा जलाधार व्यवस्थापन योजनाहरू । | प्रतिफल मापन गर्ने सूचकहरू । उदाहरणः सञ्चालन गरीएका तालिमहरूको संख्या; विकास गरीएका GESI उत्तरदायी योजनाहरूको संख्या । | प्रतिफल पुष्टि गर्ने श्रोतहरू । उदाहरणः तालिम प्रतिवेदनहरू तथा योजना कागजातहरू । |
| गतिविधिहरू<br>(के के क्रियाकलाप गर्ने) | प्रतिफल हासिल गर्न गरीने विशिष्ट कार्यहरू । उदाहरणः GESI तालिम सञ्चालन गर्ने तथा WEFE नेक्सस अवधारणा अनुसार जलाधार योजना विकास गर्ने । | सामान्यतया यस खण्डमा समावेश हुँदैन; तर प्रक्रिया सूचकहरू समावेश गर्न सकिन्छ । जस्तैः सहभागिताको स्तर वा संलग्न सेवा प्रदायकहरू । | गतिविधिहरूको अभिलेखीकरण । उदाहरणः गतिविधि प्रतिवेदनहरू तथा सहभागीहरुको उपस्थिती विवरणहरू । |
| आवश्यक श्रोतहरु<br>(के कति वित्तीय र मानबिय श्रोतहरू चाहिएला?) | क्रियाकलापहरू कार्यान्वयनका लागि आवश्यक श्रोतहरू उदाहरणः वित्तीय, मानव तथा प्राविधिक श्रोतहरू । | सामान्यतया यस खण्डमा समावेश हुँदैन । | श्रोत प्रयोगका अभिलेखहरू । उदाहरणः बजेट तथा कर्मचारीहरूको उपलब्धता । |

# References


Buchy, M., Shrestha, S., & Shrestha, G. 2022. *Scoping study: Capacities and needs for strengthening water-energy-food-environment (WEFE) nexus approaches in Nepal.* https://doi.org. https://hdl.handle.net/10568/127201

De Laurentiis, V., Hunt, D. V. L., and Rogers, C. D. F. 2016. Overcoming food security challenges within an energy/water/food nexus (EWFN) approach. Sustainability 8:95. doi: 10.3390/su8010095.

Food and Agriculture Organization (FAO). 2014. *The Water-Energy-Food Nexus: A new approach in support of food security and sustainable agriculture.* Rome: FAO. https://openknowledge.fao.org/handle/20.500.14283/bl496e

Fraser, N. 1998. Social justice in the age of identity politics: Redistribution, recognition, participation. WZB Discussion Paper, No. FS . 98-108. Berlin (Germany): Wissenschaftszentrum Berlin für Sozialforschung (WZB). https://hdl.handle.net/10419/44061

Fraser, N. 2006. Mapping the Feminist Imagination: From Redistribution to Recognition to Representation. In U. Degener & B. Rosenzweig (Eds.), *Die Neuverhandlung sozialer Gerechtigkeit* (pp. 37–51). VS Verlag für Sozialwissenschaften. https://doi.org/10.1007/978-3-531-90382-8_2

Fraser, N. (2010). *Who Counts? Dilemmas of Justice in a Postwestphalian World* (pp. 281–297). Wiley. https://doi.org/10.1002/9781444397352.ch13

Government of Nepal (GoN). 2015. The Constitution of Nepal. Kathmandu: Constituent Assembly Secretariat. Available online: https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/01/Constitution-of-Nepal.pdf).

GoN. 2019. National Climate Change Policy, 2076. 2019. Nepal: Government of Nepal. http://www.climate.mohp.gov.np

GoN. 2021. National Adaptation Plan 2021-2025. Nepal: Government of Nepal. at: https://www.unep.org/gan/resources/policy-and-strategy/nepals-national-adaptation-plan-2021-2050

Hoff, H. 2011. Understanding the Nexus. Background paper for the Bonn 2011 Nexus Conference: Stockholm Environment Institute, November, 1–52. https://www.sei.org/publications/understanding-the-nexus/.

Howells, M., Hermann, S., Welsch, M., Bazilian, M., Segerstro ̈ M, R., Alfstad, R., Gielen, D., Rogner, H., Fischer, G., van Velthuizen, H., Wiberg, D., Young, C., Roehrl, A., Mueller, A., Steduto, P., Ramma, I. (2013). Integrated analysis of climate change, land-use, energy, and water strategies. Nat. Clim. Change 3, 621–626. https://pure.iiasa.ac.at/10388.

International School of Sustainable Development. 2013. The Water–energy–food Security Nexus: towards a Practical Planning and Decision-support Framework for Landscape Investment and Risk Management. IISD. https://www.iisd.org/publications/report/water-energy-food-security-nexus-towards-practical-planning-and-decision

Jalonen, R., Zaremba, H., Petesch, P., Elias, M., Estrada-Carmona, N., Tsvuura, S., & Koirala, S. 2022. *Gender equity and social inclusion in the water-energy-food-ecosystems (WEFE) nexus: Frameworks and tools for moving from resource-centric to people-centric WEFE nexus approaches.* https://hdl.handle.net/10568/127383

Ministry of Forest and Environment (MoFE). 2019. National Climate Change Policy, 2076 (2019). Kathmandu, Nepal: Ministry of Forests and Environment, GoN. https://mofe.gov.np/content/37/national-climate-change-policy--2076--2019-/

Nepal, S., Neupane, N., Belbase, D., Pandey, V. P., & Mukherji, A. 2021. Achieving water security in Nepal through unravelling the water-energy-agriculture nexus. International Journal of Water Resources Development, 37(1), 67–93. https://doi.org/10.1080/07900627.2019.1694867

Pokharel, B. K., Nepal, S., Baral, S., Gauchan, D., Karki, S., Pandey, V. P., Vaidya, A., Aryal, A., Baral, T., Devkota, S., Dhakal, M., Gnawali, K., KC, S., Khadka, M., Mishra, A., Neupane, N., Ojha, R., Pandey, P.R, Pradhan, M.S., Thapa, B. R. (2024). *An analysis of the water, energy, food and ecosystem (WEFE) nexus for Nepal Lead authors: Bharat K. Pokharel and Santosh Nepal.* https://hdl.handle.net/10568/173049

Ringler, C., Bhaduri, A., Lawford, R. 2013. The nexus across water, energy, land and food (WELF): potential for improved resource use efficiency? Curr. Opin. Environ. Sustainability 5, 617–624. https://doi.org/10.1016/j.cosust.2013.11.002

Simpson, G.B.; Jewitt, G.P.W. 2019. The development of the water–energy–food nexus as a framework for achieving resource security: A review. Frontier in Environnemental Science 7. https://www.frontiersin.org/journals/environmental-science/articles/10.3389/fenvs.2019.00008/full

Simpson, G. B., Jewitt, G. P. W., Mabhaudhi, T., Taguta, C., & Badenhorst, J. 2023. An African perspective on the Water-Energy-Food nexus. Scientific Reports, 13(1), 16842. https://doi.org/10.1038/s41598-023-43606-9

Wilber, K. 2005. Introduction to Integral Theory on Practice. *Journal of Integral Theory and Practices,* 1(1), 2–38.

# AI को प्रयोग बारे स्वीकारयोक्ति (Disclaimer)

यो पुस्तिका तयार पार्दा नेपाली अनुवाद र भाषागत सम्पादनका लागि केहि ठाँउमा कृत्रिम बुद्धिमत्ता (AI) को सहयोग लिइएको छ । यसको प्रयोग गरेका बखत लेखकले पुस्तिकाको गुणस्तर सुनिश्चित गर्न सावधानीपूर्वक दोहोर्याई तेहेर्याई पुनः सम्पादन गरेका छन् । AI प्रयोग गर्दा संवेदनशील सूचना तथा डाटाको गोपनीयता कायम राखिएको छ र व्यक्तिगत पहिचान खुल्ने वा गोप्य प्रकृतिका कुनै पनि विवरणहरू AI मा प्रविष्टि वा अपलोड गरिएको छैन ।

यस पुस्तिकामा समावेश सबै सूचना, तथ्यांक, तथ्य तथा श्रोत सामग्रीलाई लेखकले आफै समीक्षा र प्रमाणीकरण गरेका छन् । त्यसैले प्रस्तुत सामग्रीको शुद्धता, पूर्णता तथा सम्बन्धित संस्थाका AI सम्बन्धी नियमहरूको पूर्ण पालना हुने कुराको जिम्मेवारी लेखकले नै वहन गर्ने छन् र यदि कुनै त्रुटि देखिएमा त्यसको जिम्मेवारी पनि लेखक मै रहनेछ ।

International Water
Management Institute

CGIAR RESEARCH CENTER

The International Water Management Institute (IWMI) is an international, research-for-development organization that works with governments, civil society and the private sector to solve water problems in developing countries and scale up solutions. Through partnership, IWMI combines research on the sustainable use of water and land resources, knowledge services and products with capacity strengthening, dialogue and policy analysis to support implementation of water management solutions for agriculture, ecosystems, climate change and inclusive economic growth. Headquartered in Colombo, Sri Lanka, IWMI is a CGIAR Research Center with offices in 17 countries and a global network of scientists operating in more than 55 countries.

**International Water Management Institute (IWMI)**
Headquarters
127 Sunil Mawatha, Pelawatta
Battaramulla, Sri Lanka

Mailing address:
P. O. Box 2075
Colombo, Sri Lanka
Tel: +94 11 2880000
Fax: +94 11 2786854
Email: iwmi@cgiar.org
www.iwmi.org